# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००, ९८४१५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक ३५६ | काठमाडौं | सोमबार, ०८ वैशाख २०८२ | Prabhab National Daily | Monday, April 21 , 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


दिगो विकास लक्ष्य कार्यान्वयन

## छ वर्षमा २११ खर्ब ६५ अर्ब लगानी आवश्यक

- सन् २०२४ देखि २०३० सम्ममा वार्षिक औसत ३० खर्ब २३ अर्ब रुपैयाँ लगानी आवश्यक
- कूल लगानी आवश्यकताको सबैभन्दा ठूलो हिस्सा (२४ प्रतिशत) लक्ष्य-९ कार्यान्वयनका लागि आवश्यक
- कूल लागत आवश्यकतामध्ये ५७.५ प्रतिशत लगानी सरकार र ३४.३५ प्रतिशत निजी क्षेत्रबाट लगानी परिचालन हुने अनुमान



■ प्रभाव संवाददाता

**काठमाडौं–** दिगो विकास लक्ष्य कार्यान्वयनका लागि नेपालले २११ खर्ब ६५ अर्ब रपैयाँ लगानी गर्नुपर्ने देखिएको छ । राष्ट्रिय योजना आयोगले 'दिगो विकास लक्ष्यः आवश्यकता पहिचान, लागत अनुमान तथा वित्तीय रणनीति, २०८१' प्रतिवेदन सार्वजनिक गर्दै आइतवार उक्त जानकारी दिएको हो ।

आयोगले सन् २०२४ देखि २०३० सम्ममा वार्षिक औसत ३० खर्ब २३ अर्ब रूपैयाँ लगानी आवश्यक पर्ने जनाएको छ । आयोगका अनुसार दिगो विकास लक्ष्यमध्ये कूल लगानी आवश्यकताको सबैभन्दा ठूलो हिस्सा लक्ष्य-९ को कार्यान्वयनका लागि आवश्यक पर्ने छ । लक्ष्य-९ उद्योग, नवीन खोज र पूर्वाधार क्षेत्रसँग सम्बन्धित रहेको छ । यस क्षेत्रमा कूल लगानीको २४ प्रतिशत लगानी आवश्यक पर्ने आयोगको प्रतिवेदनमा जनाइएको छ ।



> यो प्रतिवेदनमा हामीले पहिलेको भन्दा केही नयाँ स्रोत पनि पहिचान गरेका छौं । लक्ष्य प्राप्तिका लागि तीनवटै तहका सरकार र निजी तथा सहकारी क्षेत्रको भूमिकालाई पनि पुन:परिभाषित गरेका छौं ।
>
> ■ **प्रा.डा. शिवराज अधिकारी**
> उपाध्यक्ष, राष्ट्रिय योजना आयोग

त्यसैगरी, लक्ष्य-७ अर्थात् स्वच्छ ऊर्जाका क्षेत्रमा कूल लगानीको १२ प्रतिशत र लक्ष्य-१ अर्थात् गरिबी अन्त्यका लागि ११ प्रतिशत लगानी चाहिने आयोगको अनुमान छ । दिगो विकास लक्ष्य प्राप्त गर्नका लागि २०२४ देखि २०३० सम्म औसतमा कूल गार्हस्थ उत्पादन (जिडिपी) को ४५.४ प्रतिशत लगानी आवश्यक हुने अनुमान गरिएको छ ।

दिगो विकास लक्ष्य कार्यान्वयनका लागि लगानी आवश्यकता पूर्ति गर्न सार्वजनिक, निजी, सहकारी र घरपरिवारस्तरबाट वित्तीय स्रोत उपलब्ध हुनेगरी रणनीति तयार पारिएको आयोगले जानकारी दिएको छ । सार्वजनिक क्षेत्रबाट दिगो विकास लक्ष्यको कूल लागत आवश्यकतामध्ये ५७.५ प्रतिशत लगानी परिचालन हुने अनुमान गरिएको छ । जसमा संघ सरकारको ७०, प्रदेशको नौ र स्थानीय सरकारहरूको तर्फबाट २१ प्रतिशत लगानी आवश्यक पर्ने प्रतिवेदनमा उल्लेख गरिएको छ ।

यता निजी क्षेत्रबाट ३४.३५ प्रतिशत, सहकारी तथा गैरसरकारी क्षेत्रबाट ४.१८ प्रतिशत र घरपरिवार स्तरबाट ३.९५ प्रतिशत लगानी परिचालन हुने अनुमान गरिएको आयोगले जनाएको छ । प्रतिवेदन सार्वजनिक गर्दै आयोगका उपाध्यक्ष प्रा.डा. शिवराज अधिकारीले दिगो विकास लक्ष्य

क्रमश: पृष्ठ २ मा

## राजावादी आन्दोलनमा एक्लिँदै लिङ्देन

- पूर्वराजा ज्ञानेन्द्रले 'लञ्च मिटिङ'मा दिएको सुझाव नमानेको भन्दै लिङ्देनको आलोचना
- संयुक्त जनआन्दोलन समिति, राप्रपा नेपाल, केशरबहादुर विष्ट समूहलगायतसँगै आन्दोलन बढाउन लिङ्देन अनिच्छुक
- निषेधित क्षेत्र तोड्न गरिएको प्रदर्शन असफल बनेपछि राप्रपाभित्रै बढ्यो असन्तुष्टि




**आइतबार सिंहदरबारभित्रै सरकारविरुद्ध प्रदर्शन गरेपछि राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन, प्रमुख सचेतक ज्ञानेन्द्र शाहीलगायतलाई नियन्त्रणमा लिँदै नेपाल प्रहरी ।**
*तस्बिर स्रोतः सामाजिक सञ्जाल*

■ जेबी योञ्जन

**काठमाडौं–** पूर्वराजा ज्ञानेन्द्र शाहले राष्ट्रिय प्रजातान्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देनलाई शुक्रबार 'मन सानो नगर्न' सुझाए । देशमा राजसंस्था फर्काउने माहोल बन्दै गएको र एक्लै अघि बढ्नेभन्दा पनि समान विचारधारा भएका दल, समूह र अभियानलाई साथै लिएर अघि बढ्न उनको आग्रह थियो । जवाफमा लिङ्देनले 'हुन्छ' भनेको शुक्रबारको लञ्च मिटिङमा सहभागी एक नेताले प्रभावलाई बताए ।

लञ्च मिटिङको अघिल्लो दिन राप्रपाले काठमाडौंमा आइतबार निषेधित क्षेत्र तोड्ने निर्णय गरेको थियो । सरकारले शनिबारमात्रै निषेधित क्षेत्र तोडे कारबाही गर्ने चेतावनी दिएको थियो । तर, राप्रपा पछि हटेन । आइतबार सिंहदरबारमा पार्टी संसदीय दलको कार्यालय जाने भनेर मध्याह्न झुक्याएर प्रदर्शन गरे । अध्यक्ष लिङ्देन, उपाध्यक्ष बुद्धिमान तामाङ, प्रमुख सचेतक ज्ञानेन्द्र शाहीलगायत सात जना पक्राउ परे । साँझ सबै रिहा भएको प्रहरी परिसर काठमाडौंका प्रवक्ता अपिलराज बोहराले जानकारी दिए ।

तर, निषेधित क्षेत्र तोड्न गरिएको प्रदर्शनमा राप्रपामात्रै सहभागी बन्यो । प्रदर्शनको उद्देश्य भने यसअघि पक्राउ परेका पार्टी वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र, महामन्त्री डा. धवलशमशेर जबरालगायत नेता कार्यकर्ताको रिहाका लागि दबाब सिर्जना गर्नु थियो । संवैधानिक राजसंस्था र हिन्दूराष्ट्र पुनर्स्थापनासँगै संघीयता खारेजी अन्य गर्नुपर्ने माग छ । यिनै मागसहित अघोषितरूपमा पूर्वराजा ज्ञानेन्द्रले गठन गराएको भनिएको संयुक्त जनआन्दोलन परिचालन समिति छ । समितिको कार्यवाहक संयोजक डा. जगमान गुरुङ छन् । तर, उनलाई राप्रपाले आन्दोलनमा सहभागी गराएन । प्रदर्शनमा एक्लै उत्रियो । यसपटक राप्रपाको प्रदर्शनलाई कमल थापा अध्यक्ष रहेको राप्रपा नेपालले पनि समर्थन गरेन ।

क्रमश: पृष्ठ २ मा

### आन्दोलन फितलो नेता–कार्यकर्ता असन्तुष्ट

राप्रपाको मूल आन्दोलन परिचालन समिति संयोजकसमेत हुन्- राजेन्द्र लिङ्देन । उनकै नेतृत्वमा आइतबार काठमाडौंमा निषेधित क्षेत्र तोड्ने घोषित कार्यक्रम थियो, जुन यही ४ वैशाखमा कार्यसम्पादन समिति बैठकले गरेको निर्णयअनुसार हो ।

राप्रपा केन्द्रीय सदस्यहरू भएको पार्टीको ह्वाट्सएप ग्रुपमा शनिबार सचिवालयबाट सूचना जारी भयो, त्यहाँ लेखिएको थियो- बिजुलीबजारमा भेला भएर प्रदर्शन गर्दै जाने र बानेश्वर क्षेत्रको निषेधित क्षेत्र तोड्ने । त्यसको नेतृत्व अध्यक्षले गर्ने ।

सूचनाअनुसार केन्द्रीय सदस्यहरू तयार थिए । आइतबार बिहानै उनले पार्टीका सीमित नेतामात्रै सहभागी हुने जानकारी फेसबुक स्टाटसमार्फत गरे । त्यसको केहीबेरमा उनले आफू, दुई पूर्वअध्यक्ष पशुपतिशमशेर जबरा र डा. प्रकाशचन्द्र लोहनी तथा उपाध्यक्षहरू भएको एक उच्चस्तरीय समितिको बैठक ११ बजे राखे । बैठकमा उनले बालुवाटार, भद्रकाली र बिजुलीबजार क्षेत्रमा प्रदर्शन गर्ने प्रस्ताव राखे ।

क्रमश: पृष्ठ २ मा

सन्दर्भ: वैदेशिक रोजगार

## रोजगारीका लागि नौ महिनामा छ लाखभन्दा बढीले छाडे मुलुक

### चैत महिनामा ७३ हजार ४०३ जना विदेसिए, युएई बन्यो पहिलो गन्तव्य

■ ममता थापा

**काठमाडौं–** चालु आर्थिक वर्षको नौ महिनामा छ लाख भन्दा बढी रोजगारीका लागि विदेसिएका छन् । वैदेशिक रोजगार विभागका अनुसार गत वर्ष साउनदेखि चैत मसान्तसम्मको अवधिमा श्रम (नयाँ तथा पुन:) स्वीकृति लिएर छ लाख सात हजार ८७४ जना विदेसिएका हुन् ।

यसरी विदेसिनेमा पुरुषको संख्या पाँच लाख ३९ हजार ७१४ रहेको छ । उक्त अवधिमा ६८ हजार १६० जना नेपाली महिलाले रोजगारीका लागि मुलुका छाडेको तथ्यांक छ । मुलुकमा रोजगारीको अवसर नहुँदा युवाहरू वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यता छ । यो क्रम बढ्दो क्रममा रहेको तथ्यांकले देखाउँछ । अहिले दैनिक करिब दुई हजारको हाराहारीमा युवाहरू वैदेशिक रोजगारीमा गइरहेको देखिन्छ ।

चालु आवको नवौं महिना अर्थात् चैतमा मात्र ७३ हजार ४०३ जना वैदेशिक रोजगारीका लागि विभिन्न मुलुकमा पुगेका छन् । जसमा पुरुष ६५ हजार ५६७ जना र महिला सात हजार ८३६ जना रहेका छन् । अघिल्लो महिनाको तुलनामा चैतमा विदेसिनेको संख्या बढेको छ । गत फागुनमा ६८ हजार ९६३ जना श्रम स्वीकृति लिएर विदेश गएका थिए । यो संख्या चैतमा झण्डै साढे चार हजारले बढेको छ । २०८० चैतको तुलनामा गत चैतमा झण्डै तीन हजार बढीले श्रम स्वीकृति लिएको देखिएको छ ।

**चैत महिनामा नेपाली कामदार गएका मुख्य १० मुलुक**

| देश | संख्या |
|---|---|
| युएई | २३६७१ |
| साउदी अरेबिया | १४०७७ |
| कतार | १११४५ |
| मलेसिया | ५३४१ |
| कुवेत | ४५७० |
| रोमानिया | २३४६ |
| जापान | १७१२ |
| दक्षिण कोरिया | १४९८ |
| बहराइन | १३२३ |
| साइप्रस | १०४९ |

*स्रोत: वैदेशिक रोजगार विभाग*




चैत महिनामा नेपाली श्रमिकहरूको पहिलो गन्तव्य युएई बनेको छ । पछिल्लो समय नेपालीहरूको प्रमुख रोजगार गन्तव्य बनेको युएईमा २३ हजार ६७१ जना चैत महिनामा श्रम स्वीकृति लिएर गएका छन् । युएईपछि साउदी अरेबियामा १४ हजार ७७ जना गएको विभागले जनाएको छ ।

यसैगरी तेस्रो नम्बरमा परेको कतारमा ११ हजार १४५ जना गएका छन् । अघिल्ला वर्षहरूमा प्रमुख गन्तव्य बनेको मलेसियामा जाने संख्या भने न्यून बनेको छ । यद्यपि, धेरै श्रमिक जाने मुलुकको सूचीमा चौथो नम्बरमा परेको छ । मलेसियामा चैत महिनामा पाँच हजार ३४१ जना श्रम स्वीकृति लिएर गएको देखिन्छ ।

क्रमश: पृष्ठ २ मा

## देउवा बैंककतिर संशय सरकारतिर

■ प्रभाव संवाददाता



- सिंगापुरमा आँखाको उपचार गराएका कांग्रेस सभापति शेरबहादुर देउवा फलोअपका लागि भने बैंककतिर
- गभर्नर नियुक्तिमा हानथापमा उत्रिएको एमाले–कांग्रेस गठबन्धनको मारमुङ्री मत्थर हुँदा पनि संशय कायमै
- पाँच दिने भ्रमणमा देउवा सिंगापुरमासमेत पुग्ने आशंका

**काठमाडौं–** नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा थाइल्याण्डको राजधानी बैंकक प्रस्थान गरेका छन् । देउवा आँखाको फलोअप उपचारका लागि बैंकक प्रस्थान गरेको उनको सचिवालयले जनाएको छ ।

देउवासँगै परराष्ट्रमन्त्री डा. आरजु राणा देउवा पनि बैंकक प्रस्थान गरेकी छन् । परराष्ट्रमन्त्री आरजु अप्रिल २१ देखि २५ सम्म बैंककमा आयोजना हुने संयुक्त राष्ट्रसंघीय एसिया तथा प्रशान्त क्षेत्रीय आर्थिक तथा सामाजिक आयोग 'युनाइटेड नेसन्स् इकोनोमिक एण्ड सोसियल कमिसन फर एसिया एण्ड द प्यासिफिक' (युएनस्केप) को ८१औं सत्रमा सहभागी हुन त्यसतर्फ उडेकी हुन् ।

परराष्ट्रमन्त्रीको बैंकक भ्रमणलाई सामान्यरूपमा हेरिए पनि देउवाको यो भ्रमणलाई भने संशयपूर्वक हेरिएको छ । बिहीबार कांग्रेस पदाधिकारी बैठकमासमेत यो विषय उठेको थियो । कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले सरकार बदल्ने हल्लाकाबीच बैंकक जान लागेको विषयमा प्रश्न गरेका थिए । जवाफमा देउवाले भनेका थिए- विशुद्ध उपचारका लागि हो ।

पदाधिकारी बैठकमा यो विषय आएसँगै बाहिर सरकार परिवर्तनको हल्ला चलेकोबारे अरु पदाधिकारीले पनि प्रश्न गरे । अहिले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री छन् । गभर्नर नियुक्तिमा भाग खोज्दै कांग्रेसले निहुँ खोजेपछि ओलीले पनि आफूनिकटलाई उक्त पदमा ल्याउने प्रयास गरेका थिए । त्यसपछि कांग्रेस नेताहरू ओलीसँग रुष्ट बनेका हुन् । कांग्रेस महामन्त्री गगन थापा, नेताहरू डा. शेखर कोइराला, एनपी साउद पछिल्लोपटक सरकारसँग रुष्ट सुनिन्छन् । यसै विषयमा छलफल गर्न देउवाले पदाधिकारी बैठक डाकेका थिए । बैठकमा देउवाले अहिले संयुक्त सरकार भएकोले यसको आलोचना गर्न नहुने सुझाएका थिए ।

यद्यपि दुई ठूला दल मिलेर बनेको सरकार नौ महिना नपुग्दै भित्रभित्रै असमझदारी बढ्दो छ । पदावधि पूरा नहुँदै कुलमान घिसिङलाई नेपाल विद्युत् प्राधिकरणबाट हटाएकोमा कांग्रेसले असहमति राखेको थियो । ओली नेतृत्वको सरकारको पछिल्लो काम भनेकै 'यो सरकार ढल्दैन' भन्नेमात्र भएको भन्दै कांग्रेस वृत्तमा चर्को आलोचना पनि भयो । यहीबेला प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले यो सरकारको आयु धेरै लामो नरहेको बताइरहेका छन् ।

क्रमश: पृष्ठ २ मा

**पृष्ठ १ बाट क्रमशः**

## राजावादी...

कारण, गत वर्षको २६ चैतमा काठमाडौंको बल्खुमा प्रदर्शन गर्दा पनि राप्रपाले समान राजनीतिक गन्तव्य भएका दल, समूह र अभियानलाई सहभागी गराएको थिएन । यसपछि राप्रपा अध्यक्ष लिङ्देनलाई शुक्रबार ज्ञानेन्द्रले 'सानो मन नगर्न' सुझाएका थिए । आइतबार प्रदर्शनमा फेरि उनले सानै चित्त देखाएको राप्रपाका कार्यसम्पादन समिति सदस्य जनकराज पाठकले टिप्पणी गरे । उनले भने, 'राप्रपाको राजनीतिक प्रतिवेदनमै समान विचारधारा भएका दल, समूह, अभियानदेखि स्वतन्त्र नागरिकलाई राजसंस्था र हिन्दूअधिराज्य पुनर्स्थापनाको आन्दोलनमा कार्यगत एकता गरेर अघि बढ्ने उल्लेख छ । तर, पछिल्ला आन्दोलनहरूमा अध्यक्षले नै समन्वय गर्नुभएन । उहाँलाई कार्यसम्पादन समिति बैठकमा पनि हलबाट मिलाएर लैजाऔं सबैलाई भन्ने सुझाव अएको थियो ।'

उसो त लिङ्देनले संयुक्त जनआन्दोलन समिति र समिति नेतृत्व गुरुङलाई स्वीकारेका छैनन् । यसअघि सुवेदीलाई पनि उनले अस्वीकार गरेका थिए । आइतबार काठमाडौंमा निषेधित क्षेत्र तोड्न गरिएको प्रदर्शनमा पनि लिङ्देनले सहभागी गर्न अनिच्छा प्रकट गरे ।

राप्रपाको संस्थापनइतरधारको नेतृत्व गरेका महामन्त्री डा. धवलशमशेर जबरापक्ष भने गुरुङ नेतृत्वको समितिलाई राजसंस्था पुनर्स्थापनाको आन्दोलनमा सँगसँगै लिएर अघि बढ्नुपर्ने पक्षमा छ । राप्रपा नेपाल, केशरबहादुर विष्ट नेतृत्वको समूह र दुर्गा प्रसाईं नेतृत्वको समूहलाई पनि आन्दोलनमा एकताबद्ध गरेर लानुपर्नेमा जोड दिँदै आएको छ । तर, लिङ्देनलाई अस्वीकार्य छ । धवलनिकट एक पदाधिकारीका अनुसार राजसंस्था पुनर्स्थापनाका लागि गठित संयुक्त जनआन्दोलन समितिको संयोजक लिङ्देन स्वयं हुन चाहेका थिए । निर्मलनिवासले भने उनलाई पत्याए । यसपछि लिङ्देन रुष्ट छन् ।

राप्रपा नेतृत्वबाट आफूलाई हटाउँदै लिङ्देनलाई ल्याउन भने चार वर्षअघि महाधिवेशनमै निर्मलनिवासले हस्तक्षेप गरेको आरोप कमल थापाले गरेका थिए । तर, त्यसबेला निर्मलनिवासको विश्वास जितेका लिङ्देन चार वर्षमै अविश्वासिला बनेको राप्रपाकै एक पदाधिकारी बताउँछन् । धवलनिकट ती पदाधिकारीको शब्दमा लिङ्देनलाई सोही कारण राजसंस्था पुनर्स्थापनाका लागि गठित संयुक्त जनआन्दोलन समितिको संयोजक पत्याइएन । बरु, विवादित मेडिकल व्यवसायी प्रसाईं १५ चैतको प्रदर्शनमा जनकमाण्डर निर्मलनिवासबाटै तोकिए । उक्त प्रदर्शन हिंसात्मक बन्यो । त्यसपछि फरार भएर भारत पुगेका उनी पक्राउ परेर काठमाडौं प्रहरीको हिरासतमा छन् । लिङ्देन भने संयोजक न जनकमाण्डर भए । राजनीतिक विश्लेषक भीम भुर्तेल भन्छन्, 'लिङ्देनको दुवै पटक संसद् यात्रा गणतन्त्रवादीले काँध हालेर सम्भव भएको हो । त्यही भएर उनी राजसंस्थाको मुद्दा बोक्ने दलको नेता भए पनि गणतन्त्रप्रति आत्मिकरूपमा नरम छन् । त्यसो हुँदा उनलाई ज्ञानेन्द्रले अविश्वास गर्नु स्वाभाविकै हो ।'

फेरि लिङ्देन माओवादी अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको गणतान्त्रिक सरकारमा यसअघि उपप्रधान तथा ऊर्जामन्त्री भइसकेका छन् । सरकारका हरेक मन्त्रीको एउटा कार्यभार मौजुदा व्यवस्था (संघीय लोकतान्त्रिक गणतन्त्र) लाई जोगाउने हुन्छ । अहिले पनि लिङ्देनलाई गणतन्त्रवादीको सरकारमा जान खुट्टा उचालिरहेको आरोप लाग्छ । जबकि, १५ जेठ २०६५ मा देशमा गणतन्त्र घोषणा भएपछि राप्रपाको मूल उद्देश्य नै संवैधानिक राजसंस्था पुनर्स्थापना हो । तर, दाहाल सरकारमा लिङ्देन सहभागी भएसँगै ज्ञानेन्द्रको विश्वास लिङ्देनले गुमाएको राजनीतिक विश्लेषक भुर्तेललाई लागेको छ ।

■ ■ ■

## आन्दोलन...

उनको प्रस्तावमा बालुवाटारमा प्रदर्शन गर्नेले त्यहीँको निषेधित क्षेत्र तोड्ने, भद्रकालीमा प्रदर्शन गर्ने टोलीले सिंहदरबार र बिजुलीबजार क्षेत्रमा प्रदर्शन गर्नेले नयाँ बानेश्वरमा प्रदर्शन गर्ने । राप्रपा उपाध्यक्ष विक्रम पाण्डेका अनुसार उनलाई बालुवाटार क्षेत्रमा खटाइएको थियो । अध्यक्ष लिङ्देन १ बजे बिजुलीबजार क्षेत्रमा जाने र बानेश्वरमा निषेधित क्षेत्र तोड्ने भनिएको थियो । उनी आउने भएपछि राप्रपाका नेता कार्यकर्ताहरू १२ बजेदेखि नै त्यस क्षेत्रमा आन्दोलित थिए । सरकारविरुद्ध नाराबाजी गरिरहेका थिए । तर, लिङ्देन २:१५ हुँदासम्म आएनन् । बरु, त्यसबेला राप्रपा सांसद दीपक सिंह हुरिँदै बिजुलीबजार पुल क्षेत्रमा आइपुगे । उनलाई प्रहरीले पछ्याइरहेको देखिएको थियो । उनले पत्रकारहरूलाई त्यही भने- अध्यक्ष लिङ्देन, उपाध्यक्ष बुद्धिमान तामाङलगायत सिंहदबारमा पक्राउ परे । जबकि, लिङ्देनलाई तीन घण्टादेखि राप्रपाकै नेता कार्यकर्ताहरू बिजुलीबजार क्षेत्रमा पर्खिरहेका थिए । तर, उनले सिंहदरबार गएर त्यहीँ प्रदर्शन गरी गिरफ्तारी दिए । यसपछि प्रदर्शनमा रहेका राप्रपा नेता कार्यकर्ता बिच्किए । राप्रपा पूर्वअध्यक्ष डा. प्रकाशचन्द्र लोहनीले प्रभावसँग भने- आन्दोलन प्रभावहीन भयो । खत्तमै भयो ।'

■ ■ ■

## छ वर्षमा...

प्राप्त गर्नका लागि आवश्यक लगानी र त्यसका लागि स्रोत कहाँ खोज्ने भनेर अनुमान गरी यो प्रतिवेदन तयार पारिएको बताए । 'लक्ष्य प्राप्तिका लागि हाम्रो आवश्यकता र त्यसलाई पूर्ति गर्नका लागि आवश्यक स्रोतको पहिचान गर्न खोजिएको छ । यो प्रतिवेदनमा हामीले पहिलेको भन्दा केही नयाँ स्रोत पनि पहिचान गरेका छौं,' उनले भने, 'लक्ष्य प्राप्तिका लागि तीनवटै तहका सरकार र निजी तथा सहकारी क्षेत्रको भूमिकालाई पनि पुनःपरिभाषित गरेका छौं ।' दिगो विकास लक्ष्य प्राप्त गर्नका लागि विद्यमान स्रोतबाहेक समिश्रित वित्त (ब्लेण्डेड फाइनान्स), जलवायु वित्त, जस्ता नवीनतम स्रोतको पहिचान आवश्यक रहेको उपाध्यक्ष अधिकारीले बताए ।

दिगो विकास लक्ष्य कार्यान्वयनका लागि दीर्घकालीन वित्तीय अन्तर कति हो भन्ने कुरा पनि यो प्रतिवेदनले समेटेको छ । सन् २०३० सम्ममा दिगो विकास लक्ष्यमा अपेक्षित प्रगति हासिल गर्नका लागि चाहिने आर्थिक, नीतिगत तथा कानुनी पुनरावलोकनका क्षेत्रको सुझाव पनि प्रतिवेदनले दिएको छ । त्यस्तै, क्षेत्रगत नीति सुधार, दिगो विकास लक्ष्यको प्राथमिकीकरणका साथै स्रोत परिचालन सुधार, वैदेशिक सहायताको परिचालन, सार्वजनिक खर्चको लागत प्रभावकारिता अभिवृद्धि, प्रविधिमा सजिलो पहुँचलगायत रणनीतिक हस्तक्षेप आवश्यक देखिएको प्रतिवेदनमा उल्लेख छ ।

कोभिड-१९ महामारी, जनसांख्यिक परिवर्तन, बसाइँसराइ र सहरीकरण, बढ्दो असमानता, जलवायु परिवर्तनसम्बन्धी मुद्दाहरू, द्वन्द्वका प्रभावसहित प्रादेशिक सन्दर्भले समग्रमा मुलुकको दिगो विकास लक्ष्य कार्यान्वयनका लागि नीति तथा रणनीतिमा पुनरावलोकन र अद्यावधिक आवश्यक रहेकोले यो प्रतिवेदन तयार पारिएको आयोगले जनाएको छ ।

■ ■ ■

## रोजगारीका...

उक्त महिनामा कुवेतमा चार हजार ५७०, रोमानियामा दुई हजार ३४६, जापानमा एक हजार ७१२, दक्षिण कोरियामा एक हजार ४९८ जना, बहराइनमा एक हजार ३२३ जना र साइप्रसमा एक हजार ४९ जना गएको तथ्यांक छ । चैत महिनामा जिटुजी प्रणालीमार्फत एक हजार ३१८ जना दक्षिण कोरियामा रोजगारीका लागि पुगेका छन् । जसमा एक हजार १७० पुरुष र १४८ जना महिला रहेका छन् । यता इजरायलमा जिटुजीमार्फत नै २१६ जना गएको तथ्यांक छ । जसमा १३८ महिला र ७८ जना पुरुष रहेका छन् ।

चैत महिनामा वैदेशिक रोजगारीका लागि जानेमध्ये २९ हजार १८५ जना म्यानपावर कम्पनीमार्फत र १० हजार ४३५ जना व्यक्तिगत श्रम स्वीकृति लिएर गएको विभागले जनाएको छ । चैत महिनामा सबैभन्दा बढी ४२ हजार ४५४ जना दक्ष कामदार विभिन्न मुलुकमा गएका छन् । यसैगरी २१ हजार ६९५ जना अदक्ष, आठ हजार ८९९ जना अर्धदक्ष, २७७ जना व्यावसायिक र ७८ जना उच्च दक्षता भएका कामदार बाहिरएको तथ्यांक छ ।

मुलुकको अर्थतन्त्रलाई धान्ने प्रमुख क्षेत्र वैदेशिक रोजगार बन्दै आएको छ । यद्यपि, सरकारले बाध्यात्मक वैदेशिक रोजगारमा जानुपर्ने अवस्था अन्त्य गर्न स्वदेशमै रोजगारीको अवस्था सिर्जना गर्ने योजना अघि सारेको छ । तर, व्यवहारमा भने उक्त योजना कार्यान्वयन फितलो देखिएको छ । जसकारण स्वदेशमै रोजगारी दिने कुरा आश्वासनमै सीमित हुन पुगेको छ ।

■ ■ ■

## देउवा...

त्यसपछि सशंकित बनेको ओलीले वैशाख १ गते नै सचिवालय बैठक डाकेर यसबारे छलफल गऱ्यो । बैठकपछि एमाले उपमहासचिव प्रदीप ज्ञवालीले कांग्रेसलाई सचेत गराए- संयन्त्रमा असन्तुष्टिका कुरा राख्न सकिन्छ । लगत्तै सरकारको काम प्रभावकारी बनाउन गठन गरिएको उच्चस्तरीय राजनीतिक संयन्त्रको बैठक बालुवाटारमा बस्यो । उक्त बैठकमा संयन्त्रका संयोजक रहेका कांग्रेस उपसभापति पूर्णबहादुर खड्का र महामन्त्री थापा नै उपस्थित भएनन् । यही कारण दुई दलबीच दरार बढेको चर्चा बाहिर आयो ।

यी हल्लाकाबीच पनि कांग्रेस सभापति देउवाको बैंकक भ्रमणलाई शंकाको नजरले हेर्न थालिएको हो । नेपालमा राजनीतिक क्षेत्रदेखि हरेक विषयमा बाह्य हस्तक्षेप हुने दाबी गरिन्छ । यस्ता किसिमको डिल नेपालबाहिर हुने पनि बताइन्छ । यसै कारण पनि देउवाको पाँच दिने बैंकक बसाइँलाई संशयका साथ हेरिएको कतिपय बताउँछन् । २०८० जेठ ३१ गते देउवा स्वास्थ्य उपचारका लागि सिंगापुर गएका थिए । देउवा दुई/दुई वर्षमा फलोअपमा जानुपर्नेमा त्यसपटक भने तीन वर्षमा सिंगापुर गएका थिए । त्यसअघि उनी ०७७ र ०७५ मा स्वास्थ्य उपचारका लागि सिंगापुर गएका थिए ।

स्वास्थ्य उपचारका लागि सधैं सिंगापुर जाने देउवा यसपटक बैंकक गएपछि विभिन्न शंका उत्पन्न भएको हो । यद्यपि देउवा बैंककबाटै सिंगापुरसमेत जाने कार्यक्रमसमेत रहेको बताइन्छ । कांग्रेस वृत्तमा महाधिवेशन समयमै गर्न गठबन्धन फेरेरै देउवालाई प्रधानमन्त्री बनाउने तयारी पनि देखिन्छ । 'यो मंसिरमा महाधिवेशन गराउने हो भने देउवालाई प्रधानमन्त्री बनाउने राइट टाइम यही हो,' कांग्रेसका एक पदाधिकारीले भने, 'नभए २०८४ पछिमात्र महाधिवेशन हुन्छ ।'

एमाले र कांग्रेसका दुई दलीय सहमतिअनुसार अबको १५ महिनापछिमात्र देउवा प्रधानमन्त्री बन्ने छन् । त्यो पनि चुनावी सरकारको । यसो गर्दा देउवा कांग्रेसको नेतृत्वमा अझै बस्ने र विधानअनुसार महाधिवेशन नगराउने पक्षमा देखिन्छन् । ओली नेतृत्वको सरकारका कारण राजावादीको चहलपहल बढेको र छिमेकीहरूसँग पनि सम्बन्ध बिग्रन थालेको भन्दै कांग्रेसकै संस्थापनइतरका नेता शेखर कोइरालाले गठबन्धन भत्काउन सुझाएका छन् । विपक्षी दल माओवादी केन्द्रका अध्यक्ष दाहालले पनि अहिलेको अवस्थामा देउवा नै प्रधानमन्त्री भएको राम्रो भन्दै सार्वजनिक अभिव्यक्ति दिँदै आएका छन् ।

दाहालले सत्तागठबन्धनकै नेताहरूको चालढाल देखेर सरकार ढल्ने संकेत आफूले पाएको बताउँदै आएका छन् । तर कांग्रेसले भने यस्तो भन्नु प्रतिपक्षको धर्म भएकोले सरकार ढल्ने आधार नरहेको दाबी गरेको छ । 'प्रमुख प्रतिपक्षी दलले त सरकारको प्रतिपक्षमा भएको हुनाले सरकार ढलिहालोस् भन्ने स्वाभाविक धर्म नै हो, प्रचण्डले भन्दैमा सरकार ढल्दैन,' कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले भनेका छन् ।

---

Invitation for Bids

**Bangad Kupinde Municipality**
**Office of Municipal Executive**
**Devasthal, Salyan**
**Karnali Province Nepal**

**Invitation for Sealed Quotations**

**First Date of Publication: 2082/1/ 08 (21st April 2025)**

1. Bangad Kupinde Municipality invites Sealed Quatation from Nepalese eligible bidders/Suppliers for the Following Items

| S N | Contract Identification no | Description of Works | Cost of Bidding Documents Nrs | Estimated cost (Excluding VAT and Contingency) | Amount Of Bid Security | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | BAKUNAPA/ SQ/GOODS-21-2081/82 | *Procurement Supply and Delivery of Sanitary Pad.* | 1000 | - | 45000 | Electronic Bid only. |

2. Eligible Bidders may obtain further information from the Bidding Documents at the office of Bangad Kupinde Municipality Devsthal, Salyan 088-411060 Eligible Bidders submit their bid electronically, download the bidding documents for e-submission from PPMO's e-GP by www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document and Bid security fee (Bid Gurantee or Cash Deposited Voucher). in the following account, Bank deposit voucher, Company/firm registration certificate, tax clearance FY 2080/081 and VAT/PAN Registration shall be Submit by the bidder at the time of submission of the bids.
Information to deposit the cost of bidding document in bank.

| | |
|---|---|
| **Name of the Bank** | **Laxmi Sunrise Bank Limited,Sallibazar Branch** |
| **Name of Office** | **Bangad Kupinde Municipality** |
| **Office Code no** | **80106112** |
| **Office Account no (Rajaswa)** | **06903000017** |
| **Office Account no (Dharauti)** | **06903000169** |
| **Rajaswo (Revenue) Shirsak no.** | **33114** |

3. Sealed Quatation must be Submit to Bids on before 2082/01/ 23 at 12:00 Bids received after this deadline will be rejected.
4. The Sealed Quatations will be opened in the presence of Bidders representatives who choose to attend at 2082/01/ 23 at 13:00 the office of Bangad Kupinde Municipality Office Devsthal, Salyan.
5. BidSecurity must be valid for a period of 75 days after bid opening and must be accompanied by a bid security of the bid , 2082/4/10
6. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Municipality reserves the right to accept or reject wholly or partially, any or all the bids without assigning.
8. Other rules should be as per public procurement Act 2063, Public procurement Regulation 2064.

**Chief Administrative Officer**

---

**खाँडाचक्र नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मान्म, कालिकोट**
**कर्णाली प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशय पत्रको सूचना

**प्रकाशित मिति :- २०८२/०१/०८**

उपरोक्त विषयमा यस आ.व २०८१/०८२ मा प्रदेश सरकारबाट प्राप्त बजेट अनुसार यस खाँडाचक्र नगरपालिका वडा नं. ७ मा पिलि पर्यटकिय क्षेत्र पुर्वाधार निर्माण कार्यका लागी बोलपत्र आब्हान सम्बन्धि सूचना मिति २०८१/११/२७ गतेको प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार तल उल्लेखित ठेक्काका लागि रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मूल्यांकन समितिले मूल्यांकन गर्दा निम्न बोलपत्र न्यूनतम मूल्याकिंत र सारभूतरुपमा प्रभावग्राहि भै स्वीकृतको लागि पेश भएकोले सार्वजानिक खरिद ऐन २०६३ को (पहिलो संशोधन २०७३) दफा २७ उपदफा २ को प्रयोजनको लागि यो ७ (सात) दिने बोलपत्र स्वीकृत गर्ने आसय पत्रको सूचना प्रकाशित गरिएको छ ।

| खरिद नं. | योजनाको नाम | स्विकृत हुने फर्महरूको नाम | कबोल अंक (मु.अ.कर र PS सहित) |
|---|---|---|---|
| KM/PTAICP/ NCB/W/ 04/2081/082 | (Pili Tourism Area Infrastructure Construction Project Khandachakra-07, Kalikot) | श्री आचार्य निर्माण सेवा खाँडाचक्र ४, कालिकोट । | ५९०५८८३.१२ |

**नि.प्रमुख प्रशासकीय अधिकृत**

---

## कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८२/०१/०८ गते**

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणीहरूले लिनुभएको कर्जाको यस संस्थासँग कर्जा लिंदा गरेको शर्त सम्झौता बमोजिम तिर्नु बुझाउनु पर्ने साँवा, व्याज, अन्य दै दस्तुर समेत तिर्न बुझाउनको लागि निजहरूलाई पटक-पटक मौखिक तथा लिखित रूपमा ताकेता गर्दा र संस्थाका प्रतिनिधिसँग कर्जा चुक्ता गर्ने सम्बन्धमा भएका छलफल अनुसार पनि तपाईहरूको संस्थाको लेना रकम चुक्ता भुक्तान गर्ने मनसाय समेत नदेखिएकोले यो कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र संस्थामा उपस्थित भई संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण बक्यौता रकम (साँवा, व्याज, हर्जना, अन्य दै दस्तुर समेत) चुक्ता भुक्तान गर्नुहोला । अन्यथा कर्जा लिंदा संस्थालाई धितो लेखिदिएको तपसिलको अचल सम्पत्ति सहकारी ऐन २०७४ बमोजिम लिलाम विक्री वा अन्य ब्यवस्था गरी कर्जा असुल उपर गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै यस संस्थालाई लेखिदिएको धितोबाट संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा ऋणीको अन्य चल अचल सम्पत्तिबाट लेना बाँकी रकम असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**

| ऋणीको विवरण | जमानीकर्ताको विवरण |
|---|---|
| **१. ऋणी : गोकर्ण बस्नेत**<br>**बाबुको नाम** : नारायण बहादुर बस्नेत<br>**बाजेको नाम** : कृष्ण बहादुर बस्नेत<br>**ठेगाना** : सोताङ गा.वि.स. २, सोलुखुम्बु<br>**नागरिकता नं.**: ११३००६/४३१<br>**जारी जिल्ला** : जि.प्र.का.सोलुखुम्बु | **नाम : रेणुका राय बस्नेत**<br>**बाबुको नाम** : दल बहादुर राय<br>**ससुराको नाम** : नारायण बहादुर बस्नेत<br>**पतिको नाम** : गोकर्ण बस्नेत<br>**ठेगाना** : सोताङ गा.वि.स. २, सोलुखुम्बु<br>**नागरिकता नं.** : १११००६/३८२<br>**जारी जिल्ला** : जि.प्र.का. सोलुखुम्बु |
| **ऋणीको विवरण** | **जमानीकर्ताको विवरण** |
| **२. ऋणी : रेणुका राय बस्नेत**<br>**बाबुको नाम** : दल बहादुर राय<br>**ससुराको नाम** : नारायण बहादुर बस्नेत<br>**पतिको नाम** : गोकर्ण बस्नेत<br>**ठेगाना** : सोताङ गा.वि.स. २, सोलुखुम्बु<br>**नागरिकता नं.**: १११००६/३८२<br>**जारी जिल्ला** : जि.प्र.का. सोलुखुम्बु | **नाम : गोकर्ण बस्नेत**<br>**बाबुको नाम** : नारायण बहादुर बस्नेत<br>**बाजेको नाम** : कृष्ण बहादुर बस्नेत<br>**ठेगाना** : सोताङ गा.वि.स. २, सोलुखुम्बु<br>**नागरिकता नं.** : ११३००६/४३१<br>**जारी जिल्ला** : जि.प्र.का.सोलुखुम्बु |

**धितो विवरण**

रेणुका राय बस्नेत र गोकर्ण बस्नेतको संयुक्त नाममा मालपोत कार्यालय डिल्लीबजारमा दर्ता रहेको काठमाडौं जिल्ला का.म.न.पा. (डिल्लीबजार) वडा नं.३५ कि.नं.२३६ को क्षेत्रफल १८६.८० व.मि.घरजग्गा लिगलगापात समेत पुरा ।

ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Jyotipunja
JYOTIPUNJA SAVING & CREDIT CO-OPERATIVE LTD.

**नयाँ बानेश्वर, काठमाडौं**
**फोन नं: ०१-४७९०९८५, ४७९६३२७**
Email : credit.headoffice@jyotipunja.coop.np
URL: www.jyotipunja.coop.np

---

**प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**यातायात पूर्वाधार निर्देशनालय**
**पूर्वाधार विकास कार्यालय**
**कोशी प्रदेश**
**विराटनगर, मोरङ्ग**

## शिलबनदी कोटेशन स्विकृत गर्ने आशयको सूचना

**(सूचना प्रकाशित मिति २०८२-०१-०८)**

यस कार्यालयबाट मिति २०८१-१२-०३ गतेको सौर्य दैनिकमा प्रकाशित शिलबनदी कोटेशन आह्वानको सूचना अनुसार **www.bolpatra.gov.np/egp** मार्फत दर्ता भएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमका बोलपत्रदाताहरुको शिलबनदी कोटेशन न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भइ स्विकृतीको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि. न. | विवरण | छनौट गरिएको वोलपत्रदाताहरु | कवोल अंक (मु.अ.क.समेत) |
|---|---|---|---|
| 1 | Upgrading of Jaynagar Sagarmatha Marg (Ranjan Kharel Maharaj Ko Ghar Agadi Kholsi Samma), Sundarharraicha, Morang (Contract ID No:IDO/MOR/NCB/RW-236/081-82) | M/S Soshila Nirman Sewa, Madhyanarayan, Rauthahat | 5108901.68 |
| 2 | Upgrading of Hulaki Rajmarga (Sunsari Khola Pul)-Ramjanaki Mandir Kali Mandir Adarbhut Bidhyalaya Bargachi Hudai Mahendra Rajmarga Samma Jodnae Sadak Bhokraha Narsingh, Sunsari (Contract ID No:IDO/MOR/NCB/RW-237/081-82) | M/S Dahaal Construction , Biratnagar, Morang | 1530471.00 |
| 3 | Road Safety Works of Kisan chowk Tandi Aitabare Road (Miklukhola - Aitabare Section), Miklajung, Morang (Contract ID No:IDO/MOR/NCB/RW-238/081-82) | M/S M.M. Nirman Sewa, Biratnagar, Morang | 8561793.38 |
| 4 | Construction of Sigari Ra Janaki Adharbhut Bidhayalaya ko Bichama RCC Culvert, Ratuwamai 3, Morang (Contract ID No:IDO/MOR/NCB/RW-239/081-82) | M/S K.N. Nirman Sewa, Ratuwamai, Morang | 1546401.38 |
| 5 | Construction of Madan Marga Paschim Sautha Sadak Jodne Batoko Nimai Tol Ma Culvert, Ratuwamai , Morang (Contract ID No:IDO/MOR/NCB/RW-240/081-82) | M/S K.N. Nirman Sewa, Ratuwamai, Morang | 2030449.23 |
| 6 | Construction of Sonapur Chouki Purba Sadirmiya ko ghar Jane Batoma RCC Culvert, Ratuwamai 1, Morang (Contract ID No:IDO/MOR/NCB/RW-241/081-82) | M/S Dahaal Construction , Biratnagar, Morang | 1839913.49 |
| 7 | Upgrading of Salbale chowk dekhi Purba dakchin kadiya dobhan pul samma jane Bato starunnati Kanepokhari 3 Morang (Contract ID No:IDO/MOR/NCB/RW-242/081-82) | M/S M.B. Construction , Jahada, Morang | 1738737.58 |

# मतदाता नामावली अद्यावधिक सफल बनाउन आग्रह

**काठमाडौं (प्रस)–** निर्वाचन आयोगले मतदाता नामावली अद्यावधिक कार्यक्रमलाई सफल बनाउन सम्पूर्ण सरोकारवाला र मतदातामा अनुरोध गरेको छ । त्यस कार्यक्रमका लागि अनलाइनमार्फत निवेदन पेस गर्न वा सम्बन्धित निर्वाचन कार्यालयमा सम्पर्क गर्न पनि आयोगले भनेको छ ।

निर्वाचन आयोगबाट स्वीकृत मतदाता नामावली अद्यावधिक कार्यविधि, २०८१ बमोजिम अद्यावधिक कार्यक्रम सञ्चालन हुन लागेको आयोगकी प्रवक्ता नीता पोखरेल अर्यालले जानकारी दिइन् । उक्त कार्यक्रमबमोजिम गत चैत मसान्तसम्म १८ वर्ष उमेर पूरा भएका नागरिकको विवरणलाई वैशाख १ गतेबाट अद्यावधिकको प्रक्रिया प्रारम्भ भइसकेको छ । मतदाताहरूको प्रारम्भिक नामावली आयोगको वेवसाइटमा प्रकाशनसमेत भएकामा अद्यावधिक कार्य सम्पन्न भएपछि वैशाख मसान्तमा अन्तिम मतदाता नामावली प्रकाशन हुने उनले जानकारी दिइन् ।

आयोगका अनुसार, मतदाता नामावली अद्यावधिक प्रयोजनका लागि प्रकाशित प्रारम्भिक नामावलीमा त्रुटि भए सच्याउन, कुनै व्यक्तिको विरोधमा उजुरी दिनु पर्ने भए दिन सकिने छ । त्यसैगरी एकभन्दा बढी स्थानमा नाम समावेश भएमा हटाउन तथा मृत्यु भएका एवं नागरिकता त्याग गरेकाको नाम मतदाता नामावलीबाट हटाउन यही वैशाख ७ देखि १४ गतेसम्म सम्बन्धित निर्वाचन कार्यालय वा अनलाइनमार्फत निवेदन दिन सकिने व्यवस्था मिलाइएको आयोगले जनाएको छ।

यस अवधिमा पनि नयाँ नाम दर्ता तथा अद्यावधिक कार्य निरन्तर भइरहने पनि आयोगले स्पष्ट पारेको छ ।

# सडक दुर्घटनमा दुई जनाको मृत्यु, १४ जना घाइते

**तनहुँ (प्रस)–** डुम्रे-बेँसीसहर खण्डअन्तर्गतको भानु नगरपालिका-१० कालीमाटीमा आइतबार माइक्रोबस र स्कुटर ठोक्किँदा दुई जनाको मृत्यु भएको छ भने १४ जना घाइते भएका छन् ।

डुम्रेबाट लमजुङतर्फ जाँदै गरेको बा२ख ४०२२ नम्बरको माइक्रोबस र विपरीत दिशाबाट आउँदै गरेको ग२६प ४०५८ नम्बरको स्कुटर एकआपसमा ठोक्किँदा माइक्रोमा सवार एक र स्कुटरमा सवार एक जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक अशोक थापाले जानकारी दिए । मृतकको सनाखत हुन बाँकी छ ।

माइक्रोबसमा सवार पुरुषको लमजुङमा र स्कुटरमा सवार महिलाको दमौली अस्पतालमा मृत्यु भएको बताए । उनका अनुसार गम्भीर घाइते भएका स्कुटर चालकलाई उपचारका लागि चितवन मेडिकल कलेज पठाइएको छ । माइक्रोबस चालक सिन्धुपाल्चोकका मानबहादुर घलेलाई नियन्त्रणमा लिइएको छ ।

# प्लास्टिकजन्य फोहोरको दिगो व्यवस्थापनमा चुनौती

**काठमाडौं (प्रस)–** वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले प्लास्टिकजन्य फोहोरले हिमाल, नदी, पहाड, समुद्रहुँदै मानव स्वास्थ्य तथा सम्पूर्ण वातावरणमा गम्भीर असर पारिरहेको बताएका छन् । यस्तो फोहोरलाई वैज्ञानिक र दिगो रूपमा व्यवस्थापन गर्नु अहिलेको प्रमुख चुनौती भएको उनको भनाइ थियो ।

आइतबार यहाँ आयोजित प्लास्टिक फोहोर व्यवस्थापन सम्मेलनको उद्घाटन कार्यक्रममा मन्त्री शाहीले प्लास्टिक प्रदूषणका प्रभाव र यसले ल्याउने समस्याको समाधान गर्न सरकार एक्लैको प्रयास पर्याप्त नहुने जिकिर गरे । यसका लागि शिक्षण संस्था, अनुसन्धान केन्द्र, उद्योग व्यवसायी, स्थानीय सरकार, अन्तर्राष्ट्रिय साझेदार र आमनागरिकबीच समन्वय र सहकार्य आवश्यक रहेकामा उनले जोड दिए ।

मन्त्री शाहीले सम्मेलनमा हुने प्रस्तुति र बौद्धिक मन्थनबाट प्राप्त सल्लाह, सुझावहरूले नीति निर्माण प्रक्रियामा सहयोग पुग्ने विश्वास व्यक्त गरे । 'यस सम्मेलनहरूबाट आएका सुझाव र सिफारिसहरूलाई वातावरणमैत्री नीति निर्माण गर्न र सरकारद्वारा सञ्चालन गर्ने कार्यक्रमहरूमा समावेश गर्ने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु,' उनले भने । प्लास्टिकको विकल्प खोज्ने, पुनः प्रयोग प्रविधिलाई प्रोत्साहन दिने र वातावरण संरक्षण कार्यमा थप लगानी गर्ने प्रतिबद्धता यथावत् रहेको मन्त्री शाहीले बताए । उनले सम्मेलनमा प्रस्तुत गरिएका विचार, समाधान र प्रविधिहरूले नेपाल र सम्पूर्ण दक्षिण एसियाको प्लास्टिक समस्या समाधानमा ठोस योगदान पुर्‍याओस् भनी कामना गरे ।


PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालयः कमलपोखरी, काठमाण्डौ
फोन नं.: ०१-४५२३४३२/३४/३६

शाखा कार्यालयः हाकिमचोक, चितवन
फोन नं. ०५६-५९४३८२

शाखा कार्यालयः बालाजु, काठमाण्डौ
फोन नं. : ०१- ४९५४१९१

शाखा कार्यालयः गौरीगञ्ज, झापा
फोन नं. : ०२३- ४१२०४०/४१

को

## तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी ७ (सात) दिने अत्यन्त जरुरी सूचना

**(प्रकाशित मिति २०८२/०१/०८ गते)**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ता समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचनाहरु विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

**शाखा कार्यालयः हाकिमचोक, चितवन**

**१. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन २०६३ बमोजिम मितिः २०७७/०६/२८ मा दर्ता नं. २४५२३०/०७७/०७८ कायम भई दर्ता भएको चितवन जिल्ला, खैरहनी न.पा वडा नं. ६ पुरानो पर्सा स्थित **आर.यस. एग्रीकल्चर फार्म**

**धितोमा रहेको सम्पत्तिको विवरण**

**आर.एस. एग्रीकल्चर फार्मको** नाममा मालपोत कार्यालय खैरहनी, चितवनको लगतमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला, खैरहनी गा.वि.स./न.पा. वडा नं. ७ स्थित कित्ता नं. १४०४, १८४४, १६११, १६४ र १६१० को क्रमशः क्षेत्रफल ०-०-८-०, ०-१-१३-०, ०-०-९.५-०, ०-५-८-० र ०-०-९.५-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**२. ऋणीको विवरण**

विफल महतोको बुहारी, राम कुमार चौधरीको पत्नी, चितवन जिल्ला, खैरहनी गा.वि.स./न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको **फुल कुमारी चौधरी (ना.प्र.न १८६२/०४४, चितवन)**

**३. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालयमा मिति २०६८/११/२९ मा दर्ता नं. ३५१/२०६८/०६९ कायम भई दर्ता भएको चितवन जिल्ला, खैरहनी नगरपालिका वडा नं. ६, पर्सा बजार स्थित **रबिन कंक्रिट एण्ड ब्लक उद्योग प्रोपाइटरः राम कुमार चौधरी**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. मगन महतोको बुहारी, विफला महतोको पत्नी, चितवन जिल्ला, खैरहनी गा.वि.स./न.पा.वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **ढिढरी देवी थरुनी (ना.प्र.प.नं. ३५-२३६९, चितवन)**
२. मगन महतोको नाति, विफल महतोको छोरा, चितवन जिल्ला, खैरहनी गा.वि.स./न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको **राम कुमार चौधरी (ना.प्र.न २१३७/०३४/३५, चितवन)**
३. राम कुमार चौधरीको बुहारी, रबिन चौधरीको पत्नी, चितवन जिल्ला, खैरहनी गा.वि.स./न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको **सिमा चौधरी (ना.प्र.न ३५३००४/२५, चितवन)**
४. विफल महतोको बुहारी, राम कुमार चौधरीको पत्नी, चितवन जिल्ला, खैरहनी गा.वि.स./न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको **फुल कुमारी चौधरी (ना.प्र.न १८६२/०४४, चितवन)**

**धितोमा रहेको सम्पत्तिको विवरण**

**फुल कुमारी चौधरीको** नाममा मालपोत कार्यालय खैरहनी, चितवनको लगतमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला, खैरहनी गा.वि.स./न.पा. वडा नं. ६ स्थित कित्ता नं. ३ को क्षेत्रफल ६९१.४८ (व.मी.) को घर जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**नोटः माथि उल्लेखित सम्पूर्ण ऋणीहरुको लागि व्यक्तिगत जमानतकर्ताहरुको विवरण एकै भएको तथा ऋणी नं. २ र ३ को लागि धितोमा रहेको सम्पत्तिको विवरण पनि एकै भएको ।**

**शाखा कार्यालयः बालाजु, काठमाण्डौ**

**१. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति : २०७०/०९/१८ मा दर्ता नं.११८२३०/०७०/०७१ कायम भई दर्ता भएको काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. १३, वाफल स्थित **नेचुरल फिस एण्ड मिट सेन्टर प्रा.लि.**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. देवी प्रसाद पन्तको नाति, इन्द्र विलास पन्तको छोरा, काभ्रे जिल्ला, पञ्चकुमारी गा.वि.स./न.पा. वडा नं. ८, स्थित स्थायी ठेगाना भएको **धर्म प्रसाद पन्त (ना.प्र.प.नं. ६३९/०४६, काठमाण्डौं)**
२. कृष्ण चन्द्र पाण्डेको नाति, धर्म चन्द्र पाण्डेको छोरा, काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं.७ स्थित स्थायी ठेगाना भएको **बिक्रम पाण्डे (ना.प्र.प.नं. १००५०, काठमाण्डौं)**
३. कृष्ण प्रसाद कडेलको नातिनी, सर्व कल्याण कडेलको छोरी, काठमाण्डौं जिल्ला, का.म.न.पा., वडा नं.१३, स्थित स्थायी ठेगाना भएको **तुलसा कडेल (ना.प्र.प.नं. २७१०६०/६४४८८, काठमाण्डौं)**
४. ब्रम्ह लाल नेउपानेको नाति, लक्ष्मी प्रसाद नेउपानेको छोरा, लम्जुङ जिल्ला, चन्द्रेश्वर, गा.वि.स./न.पा. वडा नं. ६, स्थित स्थायी ठेगाना भएको **सागर नेउपाने (ना.प्र.प.नं. ९९७, काठमाण्डौं)**
५. कृष्ण चन्द्र पाण्डेको नाति, धर्म चन्द्र प्रसाद पाण्डेको छोरा, काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **फणीन्द्र पाण्डे (ना.प्र.प.नं. ४८७३/११५८५, काठमाण्डौं)**

**धितोमा रहेको सम्पत्तिको विवरण**

१. **नेचुरल फिस एण्ड मिट सेन्टर प्रा.लि.** को नाममा मालपोत कार्यालय दमक, झापाको लगतमा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला, गौरीगञ्ज गा.वि.स./न.पा. वडा नं. ८ स्थित कित्ता नं. ५९६, ३०२६ र ३०२२ को क्रमशः क्षेत्रफल १९६२०.००, २०८५०.०० र ३४०१२.५४ (व.मि.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. **फणिन्द्र पाण्डेको** नाममा मालपोत कार्यालय दमक, झापाको लगतमा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला, गौरीगञ्ज गा.वि.स./न.पा. वडा नं. ८ स्थित कित्ता नं. ६७० को क्षेत्रफल १३१००.०० (व.मि.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
३. **सागर नेउपानेको** नाममा भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला, गरामनी गा.वि.स./न.पा. वडा नं. ३ स्थित कित्ता नं. २१० को क्षेत्रफल ३४७.११ (व.मि.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
४. **धर्म प्रसाद पन्तको** नाममा मालपोत कार्यालय दमक, झापाको लगतमा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला, गौरीगञ्ज गा.वि.स./न.पा. वडा नं. ८ स्थित कित्ता नं. ३०४० को क्षेत्रफल १७३०८.९० (व.मि.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
५. **सागर नेउपानेको** नाममा मालपोत कार्यालय दमक, झापाको लगतमा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला, गौरीगञ्ज गा.वि.स./न.पा. वडा नं. ८ स्थित कित्ता नं. ३०३९ र ६०० को क्रमशः क्षेत्रफल ६०६१.३७ र ३१४०.०० (व.मि.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
६. यस बैंकको हितमा गरिदिएको मौज्दात, हाइपोथिकेशन तथा चल/अचल सम्पति र अमूर्त सम्पति माथिको हक समेत।

**२. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मितिः २०६८/१०/२३ मा दर्ता नं. ९०३९१/०६८/०६९ कायम भई दर्ता भएको झापा जिल्ला, गौरीगंज, गा.पा. वडा नं. ३ स्थित **आशापुरी प्लान्टेशन्स प्रा.लि.**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. लक्ष्मी कान्त कडेलको नाति, कृष्ण प्रसाद कडेलको छोरा, धादिङ जिल्ला, छत्रेदेउराली गा.वि.स./न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **सर्व कल्याण कडेल (ना.प्र.प.नं. २८०/२१/२८३१/११८३/०४१/४२, धादिङ)**
२. कृष्ण चन्द्र पाण्डेको नाति, धर्म चन्द्र प्रसाद पाण्डेको छोरा, काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **फणीन्द्र पाण्डे (ना.प्र.प.नं. ४८७३/११५८५, काठमाण्डौ)**

**संस्थागत जमानतकर्ताको विवरण**

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६८/०९/२० मा दर्ता नं. ८९३१५/०६८/०६९ कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. २, लाजिम्पाट स्थित **वेलनेस अर्गानिक क्लब प्रा.लि.**

**धितोमा रहेको सम्पत्तिको विवरण**

१. **आशापुरी प्लान्टेशन्स प्रा.लि.** को नाममा मालपोत कार्यालय दमक, झापाको लगतमा दर्ता श्रेस्ता कायम रहको झापा जिल्ला, गौरीगञ्ज गा.वि.स./न.पा. वडा नं. ८ स्थित कित्ता नं. ६०९, ३०२१ र ३०२५ को क्रमशः क्षेत्रफल ४९७५.००, १४२२२.४६, र ५३३००.०० (व.मि.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. **सर्व कल्याण कडेलको** नाममा भूमिसुधार तथा मालपोत कार्यालय लगनखेल, ललितपुरको लगतमा दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला, सैंवु गा.वि.स./न.पा. वडा नं. २ स्थित कित्ता नं. ७३४ को क्षेत्रफल ०-१२-०-० (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
३. **सर्व कल्याण कडेलको** नाममा मालपोत कार्यालय दमक, झापाको लगतमा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला, गौरीगञ्ज गा.वि.स./न.पा. वडा नं. ८ स्थित कित्ता नं. ६३४ को क्षेत्रफल ७१७०.०० (व.मी.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
४. यस बैंकको हितमा गरिदिएको मौज्दात, हाइपोथिकेशन तथा चल/अचल सम्पत्ति र अमूर्त सम्पत्ति माथिको हक समेत।

**नोटः माथि उल्लेखित ऋणी नं. २ को धितोमा रहेको सम्पत्तिको विवरण नं. २ ऋणी वेलनेश एग्रिकल्चर प्रा.लि. को लागि समेत धितोमा रहेको।**

**धितो लिलामी बिक्रीका शर्तहरू :**

१. बोलपत्र आवेदन फारम मिति २०८२/०१/०८ गते सोमबारदेखि यस बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु हाकिमचोक, चितवन, बालाजु, काठमाण्डौ र गौरीगञ्ज, झापाबाट प्राप्त गर्न सकिनेछ ।
२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको Inter Department A/C LRD (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको A/C Payee Cheque संलग्न गर्नुपर्नेछ ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
५. शिलबन्दी बोलपत्र मिति २०८२/०१/१४ गते आइतबार शाखा कार्यालय बालाजु, काठमाण्डौको ऋणी नं. २ को धितोमा रहेको सम्पत्तिको विवरण नं. २ को हकमा यस बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागमा, शाखा कार्यालय बालाजु, काठमाण्डौको ऋणी नं. १ को सम्पूर्ण धितो र ऋणी नं. २ को धितोको विवरण नं. १, ३ र ४ को हकमा शाखा कार्यालय गौरीगंज, झापामा तथा अन्य सम्पूर्ण धितोको हकमा सम्बन्धित कार्यालयहरुमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन।
६. शिलबन्दी बोलपत्र मिति २०८२/०१/१५ गते सोमबार दिउँसो ४:०० बजे शर्त नं. ५ मा उल्लेख भए अनुसारको शिलबन्दी बोलपत्र दर्ता भएको यस बैंकको सम्बन्धित कार्यालयहरुमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरू तथा अन्य पदाधिकारीहरूको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पत्ति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पत्ति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरूलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको सम्बन्धित कार्यालयहरुबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
९. सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु हाकिमचोक, चितवन, बालाजु, काठमाण्डौ र गौरीगञ्ज, झापामा सम्पर्क राखी बुझ्न सकिनेछ ।

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# आत्महत्या न्यूनीकरणमा ध्यान देऊ

**वैदेशिक रोजगारी नेपालीको बाध्यता बनिसकेको छ । युरोप, अमेरिकादेखि खाडीमुलुक नेपालीहरूको मुख्य गन्तव्य हो । युरोप अमेरिकामा त्यहाँको सरकारको कडा निगरानीका कारण रोजगारदाताले न्यूनतम पारिश्रमिक दिनैपर्ने बाध्यता हुन्छ । जसका कारण निर्वाहमुखीभन्दा बढी पारिश्रमिक पाउँछन् । अधिकारका लागि लड्ने संघसंस्थाका कारण उनीहरूको कमाइ बढ्छ ।**

**तर खाडी मुलुक जानेहरूको अवस्था भने नाजुक देखिन्छ । एक त नेपाली कामदारले वैदेशिक रोजगारका क्रममा हुन सक्ने जोखिमहरूको बारेमा पहिले जानकारी दिएको हुँदैन, दोस्रो रोजगारदाता कम्पनीहरूको कठोर नीतिमा उनीहरू फस्न बाध्य हुन्छन् । नेपालमा विभिन्न समस्या झेलेर अवैधानिकरूपमा वैदेशिक रोजगारमा पुगेका अदक्ष कामदारहरू यस्तो फन्दामा पर्छन् । जुन कामदार कमाएर ऋण तिर्न भन्दै खाडी पसेका हुन् । भनेजस्तो कमाइ नभएसँगै आफैंले आफ्नै ज्यान लिन पनि पछि पर्दैनन् उनीहरू ।**

**पछिल्लो दुई वर्षयता रोजगारीका लागि मलेसिया गएकाहरूले आत्महत्या दर हेर्दा यो छर्लंग देखिन्छ । वैदेशिक रोजगार बोर्डको तथ्यांकअनुसार गत वर्ष (२०८१)को वैशाखदेखि चैत मसान्तसम्म मलेसिया गएकामध्ये ६९ जना नेपाली श्रमिकले आत्महत्या गरेका छन् । गत वर्ष वैदेशिक रोजगारीमा विभिन्न मुलुक गएकामध्ये १७६ जनाले आत्महत्या गरेको तथ्यांक छ । साउदीमा ३६, संयुक्त अरब इमिरेट्स (युएई)मा ३३, कतारमा २१ र कुवेतमा १२ जनाले आत्महत्या गरे । बहराइन र ओमानमा भने यस्तो संख्या न्यून छ । खाडीबाहेकका मुलुकमा आत्महत्याको दर कम छ ।**

**अघिल्लो वर्ष २०८० मा मलेसियामा ५७, युएईमा २५, साउदीमा २६, कतारमा २५ र कुवेतमा चार जनाले आत्महत्या गरेका थिए । रोजगारीमा गएर आत्महत्या गर्नेमध्ये झण्डै ९० प्रतिशतको हाराहारीमा खाडीमुलुक जानेहरू रहेको बोर्डको तथ्यांकले प्रस्ट पार्छ । यसको मुख्य कारण कामको जोखिम थाहा नपाउनु, रोजगारदाताले कानुनी घेराबन्दीमा पारी कडा परिश्रम गर्न लगाउनु हो । यहाँ रहेका नेपाली दूतावासहरू श्रमिकबाट विभिन्न शीर्षकमा शुल्क उठाउनेबाहेक केही गर्न सक्दैनन् । खासगरी दूतावासलाई स्थानीय सरकारका रूपमा हेरिन्छ । यदि दूतावासले आफूलाई स्थानीय सरकार मान्ने हो भने यस्तो विकराल अवस्थालाई न्यूनीकरण गर्न मानसिक स्वास्थ्यका कार्यक्रम अघि बढाउनैपर्छ ।**

**विदेशमा गएर कसरी काम गर्नेजस्ता विषयमा तालिम दिइएजस्तै मानसिक स्वास्थ्य, खानपान, जीवनशैलीजस्ता विषय पनि तालिममा समावेश गरिनुपर्छ । विभिन्न कारण पीडामा परेकाहरूलाई पुनर्स्थापना गर्न सरकारले प्याकेजमा कार्यक्रम ल्याएर आत्महत्या न्यूनीकरणमा चाँडोभन्दा चाँडो कार्ययोजना ल्याउनुपर्छ ।**

श्रम सरोकार

## सम्झिनुपर्ने उपयोगी पाँच कुरा

वैदेशिक रोजगारीमा हुनुहुन्छ वा जाँदै हुनुहुन्छ ? यी पाँच कुरा कहिल्यै नभुल्नुहोस्:

१) **कसैको प्रलोभनमा नफसौं**
धेरै तलब दिने वा अन्य राम्रो काम सुविधा दिने प्रलोभनमा दलालहरूले गन्तव्य मुलुकका कम्पनी वा वासस्थानमासमेत पुगेर फकाउन सक्छन् । आधिकारिक भिसा रहेको ठाउँभन्दा अन्यत्र काम गर्नु गैरकानुनी हो । कानुनी हैसियत गुमाएपछि सधैंभरि खतरामा काम गर्नुपर्छ र दलालले गैरकानुनी काममा लगाएर फसाउन पनि सक्छ । फर्किनुअघि जेल, नेल जरिवानासहित देश निकालाको अपमान साथै कुटाइ खानुपर्छ ।

२) **धार्मिक तथा स्थानीय कानुनको पालना गरौं**
सम्बन्धित देशमा पुगेर कुनै गल्ती गरेर कानुन थाहा थिएन भनेर उम्किन पाइन्न । स्थानीय धार्मिक, सामाजिक तथा राष्ट्रियताका विषयमा सधैं जानकार र सकारात्मक हुनुपर्छ ।

३) **आफ्नो सुरक्षामा ध्यान दिऔं**
आफ्नो स्वास्थ्य र सुरक्षाको ख्याल आफैंले राख्नुपर्छ । काम गर्दाको बखत, बाटो हिँड्दा, पौडी वा अन्य यस्तै कामको जोखिमबारे सधैं सचेत रहनुपर्छ । कतिपय मुलुकहरूमा जेब्रा क्रसिङभन्दा अन्यत्रबाट बाटो काट्दा पैदलयात्रीले समेत जरिवाना तिर्नुपर्ने हुसक्छ । याद गरौं- कारखानामा काम गर्दा त्यहाँ प्रयोग हुने मेसिनको सोच्ने शक्ति हुँदैन, तपाईंको आफ्नै दिमागले सोचेर होसियारी अपनाउनुपर्छ ।

४) **काममा लगनशील बनौं**
आफ्नो सुपरभाइजरका कुरालाई अवलम्बन गर्नैपर्छ । उसको कुरालाई बेवास्ता गरेमा माथिल्लो निकायमा सामान्यतया: कुनै सुनुवाइ गर्दैन । अति नै भएमा मात्र दूतावास, वैदेशिक रोजगार विभाग वा अन्य सहयोगी संस्थाबाट सहयोग लिने बानी गर्नुपर्छ । याद गरौं- रोजगारदाताले तपाईंलाई श्रमको मूल्य तिरेको हुन्छ ।

५) **आवश्यक सम्पर्क नम्बर सुरक्षित राखौं**
दूतावास, त्यहाँस्थित विभिन्न सामाजिक संस्था, नेपालस्थित रोजगार तथा सरकारी निकाय र आफू गएको वैदेशिक रोजगार संस्था तथा सहयोगी संस्थाका सम्पर्क टेलिफोन तथा ठेगाना सधैंभरि साथमा राख्नुपर्छ । स्थानीय कानुन तथा अन्य विषयमा जानकार व्यक्तिहरूसँग निकट रहनुपर्छ । यसो गर्दा आकस्मिकरूपमा आउने समस्याहरू समाधानमा सहजता हुने छ ।

# यसरी बढाउन सकिन्छ निर्यात



■ महेश्वर श्रेष्ठ

> नेपालको निर्यात व्यापार बढ्न नसक्नुका पछाडि देशको राजनीति नै मुख्य कारक हो भन्ने मेरो बुझाइ छ । अमेरिका भनौं वा चीनका व्यवसायी र नेपालको उद्यमी व्यवसायीमा केही पनि फरक छैन । उनीहरूभन्दा पनि हामी अझ बढी मिहेनती छौं भन्ने लाग्छ । अहिलेको समय भनेको कुनै सामान मन पर्‍यो भने अनलाइन वा अफलाइन जताबाट भए पनि तत्काल किन्ने जमाना हो । तर हाम्रा नीति नियमहरूले समयको माग बुझ्दैनन् । हामी निकै पुरानो शैलीमा छौं ।

नेपालको अर्थतन्त्रको आकार विश्वका ठूला मुलुकहरूको तुलनामा अवश्य पनि सानो छ । विगतमा विश्व अर्थतन्त्रमा आउने उतारचढावको प्रत्यक्ष असर यहाँ नपर्ने भए पनि पछिल्ला वर्षहरूको अनुभव त्यस्तो रहेन । रुस र युक्रेनबीच चलेको लामो युद्धको प्रत्यक्ष मारमा हामी पनि पर्‍यौं भने मध्यपूर्वलगायत धेरै मुलुकमा बेलाबखत देखिने तनावको मारमा हामी पर्ने गरेका छौं । बाह्य अर्थतन्त्रसँग जोडिनेबित्तिकै त्यहाँको प्रभाव हामीसम्म आइपुग्नु अस्वाभाविक होइन । हामीले गर्नैपर्नेचाहिँ त्यस्ता समस्याहरूको असर कसरी कम गर्न सकिन्छ भनेर नै हो । यसका निमित्त आत्मनिर्भर अर्थतन्त्र भन्ने गरिए पनि त्यति ठूलो विषयमा म प्रवेश गर्न चाहन्न र यतिमात्र भन्न चाहन्छु कि साना मझौला उद्योगको विकास र विस्तारले नै अर्थतन्त्रको दिगो विकास सम्भव छ । यसबाट बाह्य संकटको असर पनि तुलनात्मक रूपमा कम पर्ने गर्दछ र त्योभन्दा पनि महत्त्वपूर्णचाहिँ हाम्रोजस्तो मुलुकमा निर्यात वृद्धिको अचुक अस्त्र भनेकै यस्ता व्यवसायहरू हुन् ।

हामीले एभरेस्ट फेसनसहित चार कम्पनी सञ्चालन गरिरहँदा अघिल्लो वर्षमात्र १०.५ मिलियन डलरबराबरको निर्यात गर्न सक्यौं । निर्यातमा सधैं एकनास अवस्था हुँदैन । हाम्रो कम्पनीको निर्यात वार्षिक सात मिलियन डलर हाराहारीमा छ । तीन दशकको मिहेनत र अनुभवले आज हामी सन् २००९ देखि उत्कृष्ट निर्यातकर्ताको रूपमा सम्मानीत भइरहेका छौं । हामीले निर्यात त बढाउँदै लैजाउँला तर देशको निर्यात व्यापार भने साँघुरो घेराबाट माथि उठ्न नसकेको देख्दा हामीलाई सन्तुष्टि पटक्कै छैन । हामी नीति निर्माता होइनौं र नीति कार्यान्वयनको तहमा पनि छैनौं तर निर्यात क्षेत्रमा हाम्रो अनुभवचाहिँ नीति निर्माताभन्दा केही बढी भएकाले हाम्रो कुरा उहाँहरूले सुनिदिए हुन्थ्यो भन्ने लाग्दछ ।

### सानामझौला उद्योग नै निर्यातको आधार

कुनै पनि वस्तु उत्पादन गरी अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्नु एउटा उद्यमीका लागिमात्रै नभएर समग्र देशका लागि गर्वको कुरा हो । अन्तर्राष्ट्रिय बजारमा देशको छविलाई चिनाउने प्रभावकारी माध्यम निर्यात बन्न सक्छ । जापान, चीनलगायतका देशको निर्यात धेरै छ भने उनीहरूको आर्थिक अवस्था पनि राम्रो छ । अहिले चीनका सामान नपुगेको विश्वको सायदै कुनै मुलुक होला । यही जगमा चीनमा भएको विकास पनि संसारकै लागि उदाहरण बन्न सफल भएको छ । भारत पनि तीव्र आर्थिक विकासको गतिमा दौडिरहेको छ । दुई विशाल अर्थतन्त्र भएका मुलुकको बीचमा अवस्थित नेपालको अर्थतन्त्रले पनि उत्तिकै सम्भावना बोकेको छ । स्वाभाविकरूपमा हाम्रो अर्थतन्त्र सानो भए पनि यहाँको व्यावसायिक वातावरण उपयुक्त भएकोले उद्यम व्यवसायका लागि अत्यन्त सम्भावना भएको देश हो भन्न सकिन्छ ।

हामीकहाँ विशेषगरी हस्तकलाका सामग्री, फेल्टजन्य सामग्रीदेखि कलात्मक मुर्तिलगायतका सामानहरू निर्यातका लागि धेरै सम्भावना बोकेका छन् । यस्ता उद्योगमा ठूलो लगानीभन्दा पनि साना मझौला व्यवसायमार्फत नै अहिलेसम्म हामीले सफलता हात पारिरहेका छौं । हाम्रा सामानहरू अन्तर्राष्ट्रिय बजारमा बेच्ने भएकोले गन्तव्य मुलुकहरूको नियम कानुन उनीहरूको इच्छा, चाहना र बजारको ट्रेण्डलाई अध्ययन गरेर उत्पादन गरियो भने अवश्य पनि अन्तर्राष्ट्रिय बजारमा सफल बन्न सकिन्छ ।

उदाहरणको निमित्त फेल्ट अरु सामानको तुलनामा निर्यात त राम्रो छ तर हामीले अपेक्षा गरेअनुसारको उत्पादन भने गर्न सकिएको छैन । अहिले झण्डै साढे सात अर्ब रूपैयाँबराबरको फेल्ट निर्यात भएको छ भने केही वर्षमै १२ अर्बको निर्यात पुर्‍याउने लक्ष्य छ । निजी क्षेत्रबाट हामीले मिहनेत गरेका छौं । समग्रमा नेपालको निर्यात परिमाण नै निकै सानो छ । त्यसमा फेल्ट, हस्तकला, ऊनी गलैंचा, तयारी पोसाकलगायतका सामानले महत्त्वपूर्ण भूमिका खेलेका छन् । अहिले भएको निर्यातको कम्तीमा पाँच गुणा बढाउन सकियो भनेमात्रै देशको अर्थतन्त्रलाई सुधार गर्न सहयोग पुग्ने छ । जसका लागि विदेशी क्रेतासँग नियमित बैठक गर्ने, अन्तर्राष्ट्रिय मेलाहरूमा सहभागी हुनेलगायत बिटुबीमार्फत हुने काम हामीले गरिरहेका छौं ।

### नीतिगत सुधार खै ?

नेपालको निर्यात व्यापार बढ्न नसक्नुका पछाडि देशको राजनीति नै मुख्य कारक हो भन्ने मेरो बुझाइ छ । अमेरिका भनौं वा चीनका व्यवसायी र नेपालको उद्यमी व्यवसायीमा केही पनि फरक छैन । उनीहरूभन्दा पनि हामी अझ बढी मिहेनती छौं भन्ने लाग्छ । अहिलेको समय भनेको कुनै सामान मन पर्‍यो भने अनलाइन वा अफलाइन जताबाट भए पनि तत्काल किन्ने जमाना हो । तर हाम्रा नीति नियमहरूले समयको माग बुझ्दैनन् । हामी निकै पुरानो शैलीमा छौं । पेपरमा हामीले निर्यात बढाउने भनेर बर्सेनि भन्छौं तर त्यसका लागि के गरियो त ? सुधार के गरियो भन्ने महत्त्वपूर्ण हो । केवल नाराका लागि निर्यात बढाउने, बजेटमा बुँदा थप गर्न निर्यात बढाउने र झट्ट हेर्दा कार्यक्रम आकर्षक बनाउनमात्रै निर्यातका सवालहरू राख्ने होइन वास्तविकता सुधार गर्ने गरी बनाइनुपर्छ ।

मेरो अनुभव सेयर गर्ने हो भने विगत १४ वर्षदेखि हरेक वर्ष मैले टप एक्सपोर्टर अवार्ड पाएको छु । यो क्षेत्रमा भएका समस्या भएको त वास्तविक उत्पादकले बढी बुझ्न सक्छ, निर्यातकर्ताले बुझ्न सक्छ । यसैले उसले भोगेको समस्यालाई कसरी समाधान गर्ने भन्नेतर्फ पो विचार गरिनुपर्छ । यसका लागि नीति बनाउने ठाउँमा उद्यमीको प्रतिनिधित्व गराउनुपर्छ । नीतिगतरूपमा बस्नेहरूलाई वास्तविक समस्या नै थाहा छैन भने उनीहरूले बनाएका नीतिहरू कसरी व्यावहारिक हुन्छन् र निर्यात बढ्न सक्छ भनेर अपेक्षा गरिनु कति सान्दर्भिक छन् ? निजी क्षेत्र नाफामुखी हुन्छ र नीति निर्माणमा उनीहरूलाई सहभागी बनाइयो भने त उसले आफ्नो फाइदामात्र हेर्छ भन्ने मनोविज्ञानबाट माथि उठेर निजी क्षेत्र माथि उठ्यो, निर्यात बढ्यो भने त देश स्वतः माथि उठ्छ भन्ने मनोविज्ञानको विकास हुनुपर्‍यो । यसैले आगामी दिन शुभ बनाउनका लागि यी विषयमा सरकार, निजी क्षेत्रलगायत सरोकारवालाले सोच्न ढिला भइसकेको छ ।

### गन्तव्य मुलुकको विविधीकरण

नेपालबाट निर्यात हुने सामग्रीहरूमध्ये अधिकांश हस्तकला, फेल्टलगायतका छन् जुन तुलनात्मकरूपमा महँगा पनि छन् अर्थात् ती मुलुकमा पनि लक्जरियस प्रडक्टमा गनिन्छन् । त्यसैले धनी देशहरू युरोप, अमेरिका अस्ट्रेलिया, चीन, कोरिया, जापान, क्यानडा भारतलगायतका देशमा निर्यात हुँदै आएका छन् । हाम्रो उद्योगबाट मात्रै २५ भन्दा धेरै देशमा सामग्री निर्यात हुने गरेको छ भने अन्य साथीहरूलगायत यस क्षेत्रमा काम गर्ने उद्यमीहरूबाट गरी ४५ भन्दा धेरै देशमा नेपाली सामान निर्यात हुन्छ । अहिले चीनमा तुलनात्मक रूपमा कम निर्यात भएको अवस्था छ । देश ठूलो र सम्भावना धेरै हुँदाहुँदै पनि चीनमा निर्यात बढाउन सकिएको छैन यसतर्फ ध्यान दिनुपर्ने छ । चीनले भनेअनुसारको सामान दिनसक्ने हो भने अमेरिकामा निर्यात हुने वस्तुको पाँच गुणा बढी निर्यात बढाउन सकिन्छ । भारतमा पनि हाम्रो लागि सम्भावना छ । ब्राजिल रसियालगायतका देश उच्च संभावना भएका देश हुन् । हरेक देशको आयात नीति फरक-फरक छ । सो नीतिलाई अध्ययन गरेर सामान पठाउन सकियो भने राम्रो लाभ लिन सकिने अवस्था छ । अर्थतन्त्र जुन देशको सबल छ त्यो देशमा लबिइङ बढाउन सकियो भने नेपाली सामान निर्यात गर्न सकिन्छ । सम्पन्न देशले नै भेराइटी खोज्ने हो, गरिब देशका लागि त आवश्यकता पूरा गर्दैमा ठिक्क हुन्छ । निर्यातका लागि बजार खोज्दा पनि यही रणनीति नै प्रभावकारी हुन्छ । निजी क्षेत्रले मात्र बजार खोज्न सम्भव छैन । सरकारी निकायहरूलाई यसमा अध्ययन अनुसन्धानमा लगाउन सकेमा प्रभावकारी नतिजा प्राप्त हुनसक्छ ।

### विकासशील मुलुकमा स्तरोन्नतिपछिको आशंका

संयुक्त राष्ट्रसंघको ७६औं महासभाले नेपाललाई अतिकम विकसित मुलुकको सूचीबाट विकासशीलमा स्तरोन्नति हुने प्रस्ताव अनुमोदन गरिसकेको छ । सन् १९७१ देखि राष्ट्रसंघको अतिकम विकसित राष्ट्रको सूचीमा रहेको नेपाल २०२६ पछि भने विकासशील मुलुकमा स्तरोन्नति हुँदै छ । दुई वर्षअघि नै नेपाल स्तरोन्नति हुँदै छ भन्ने सुनिश्चित हुँदा पनि खासगरी नेपालको निर्यात व्यापारमा यसको असर र प्रभाव के पर्छ भनेर अहिलेसम्म ठोस अध्ययन भएको पाइँदैन । नेपाल, बंगलादेश र लाओसले विकासशीलमा स्तरोन्नति हुन पाएको पाँच वर्षको तयारी अवधि त्यत्तिकै खेर जाने हो कि भन्ने आशंका पनि छ । निजी क्षेत्रका संस्थाहरूले नेपालको निर्यातको अंक कम रहेको र स्तरोन्नतिपछि निर्यातमा भन्साररहित विभिन्न सुविधा कटौती हुनेलगायत कारण देखाउँदै स्तरोन्नतिप्रति विमति जनाउँदै आएका थिए । सरकारी पक्षले भने स्तरोन्नति भए विश्व समुदायमाझ नेपालको प्रतिष्ठा बढ्ने, त्यसका आधारमा प्रत्यक्ष वैदेशिक लगानी, विश्वबजारबाट निजी क्षेत्रबाट ऋण ल्याउन सकिनेलगायतका तर्क दिइरहेको छ । यद्यपि, यस विषयमा भन्नुपर्दा हाम्रा सामग्री लक्षित गरी अध्ययन नै त भइसकेको छैन तर समग्रमा हेर्दा हाम्रा उत्पादनहरूले हालको तुलनामा बढी प्रतिस्पर्धी बन्नुपर्ने देखिन्छ ।

अहिले अमेरिकाले धेरै प्रडक्टमा 'इम्पोर्ट डच्युटी' शून्यबराबर दिएको छ । युरोपमा पनि झण्डै शून्य बराबर नै छ । डच्युटी कम हुनासाथ नेपाली सामानको मूल्य कम हुन्छ र क्रेताले नेपाली सामान खोज्छन् । हामी एलडिसीमा स्तरोन्नति भएपछि यी सुविधा पाउन सकिँदैन भन्ने सुनेको छु तर अध्ययन नै गरेर कति असर पर्ने, बजारमा प्रभाव हुने र निर्यात व्यापारले कस्तो रूप लिने भन्ने विषय निर्क्योल भइसकेको छैन । यसमा गम्भीर भने हुनैपर्छ ।

### मूल्य अभिवृद्धि र जनशक्ति पलायनको पेचिलो विषय

निर्यात भन्नेबित्तिकै मूल्य अभिवृद्धिको विषय निकै पेचिलो बन्ने गरेको छ । हाम्रो अनुभवमा नेपालबाट निर्यात हुने सामानमा अत्यधिक भ्यालु एड हुने भनेको फेल्ट नै हो । करिब ९५ प्रतिशतसम्म भ्यालु एड गरेर फेल्टका सामान निर्यात गर्न सकिन्छ । गलैंचामा पनि ५० प्रतिशतभन्दा धेरै नै भ्यालु एड भइरहेको छ । यस्तै, चाँदीमा पनि ७० प्रतिशतसम्म भ्यालु एड गर्न सकिन्छ । तयारी पोसाकमा पनि ५० प्रतिशतभन्दा धेरै भ्यालु एड गर्न सकिन्छ । हामीले काम गरेको क्षेत्रबाट ५० प्रतिशतभन्दा धेरै नै भ्यालु एड गरेर निर्यात भइरहेको अवस्था छ । भ्यालु एड उच्च हुने सामानमा जनशक्ति धेरै लाग्छ ।

फेल्ट भनेको आर्ट एण्ड ग्राफ दुवै हो । यस क्षेत्रको ठूलो समस्या के हो भने बल्लतल्ल जनशक्ति निर्माण हुन्छन् तर उनीहरूमा विदेश पलायनको डरलाग्दो रूप छ । आउने १० वर्षमा नेपालमा जनशक्ति नपाउने समस्या भयावह भएर जाने निश्चितजस्तै भएको छ । अहिलेकै अवस्थामा ठूलो माग आयो र तत्काल निर्यात गर्नुपर्ने भयो भने थप १०० जना मान्छे पनि पाउन सक्ने अवस्था छैन । यसैले जनशक्ति उत्पादन र टिकाइराख्ने खालको नीति हाम्रोमा हुनुपर्‍यो । एकातिर युवा बेरोजगार रहने र अर्कोतर्फ सीपयुक्त जनशक्ति टिकाउन नसकिने असन्तुलित अवस्थाको अन्त्यका लागि सरकार, निजी क्षेत्र र दातृ निकायसमेतको सहकार्य आवश्यक देखिन्छ ।

### यसरी बढाउन सकिन्छ निर्यात

निर्यात जगाउन मूलतः उत्पादन बढाउनुपर्छ । उत्पादन नै नभए के निर्यात गर्ने ? यसैले उत्पादन बढाउन हामीले निकै मिहेनत गर्नुपर्ने देखिन्छ । अहिलेको अवसथमा हाम्रो आन्तरिक जनशक्तिलाई स्वदेशमै रोक्न सकौं । मलाई त हिजोआज एयरपोर्ट जाँदा त्यहाँको भीड देखेर डर लाग्छ । दैनिक दुई हजारभन्दा बढी युवा काम गर्न विदेश जाने अनि ५०० भन्दा बढीचाहिँ पढ्न जाने गरेका हामीले देखेका छौं । देश नै युवाविहीन हुने हो कि भन्ने चिन्ता छ । अहिले नै हामीलाई जनशक्ति अभाव समस्या भइसक्यो । युवा पलायनको समस्या निर्यातका लागिमात्र नभइ देशकै लागि विकराल भइसकेकाले जसरी हुन्छ उनीहरूलाई स्वदेशमै टिकाउन सक्ने कार्यक्रम जरुरी छ ।

जनशक्तिमै मैले जोड दिइरहेको छु । हामीले 'स्किल ट्रान्सफर' गर्नैपर्छ । यसका निमित्त संसार घुम्नैपर्छ तर काम नेपालमै गर्नुपर्छ । युवाहरूलाई यही रूपमा अभिप्रेरित गर्न सक्छौं । नेपालमै कमाउने, विदेश घुम्न पठाउने पनि गर्न सकिन्छ । उनीहरूलाई काममै इन्टरटेन गर्नसक्ने अवस्था सिर्जनाका लागि पनि सरकार र निजी क्षेत्रले सहकार्यमा केही गर्न सकिन्छ ।

निर्यातमा अर्को महत्त्वपूर्ण आवश्यकता भनेको पूर्वाधार विकास नै हो । राम्रो पूर्वाधार भयो भने अघि भनेको युवालाई पनि देशमै बसौंबसौं लाग्न सक्छ भने निर्यात क्षेत्रमा यसले लागत सस्तो पर्न गएर हाम्रा प्रतिस्पर्धात्मक क्षमता बढ्दै जान्छ । पूर्वाधार भनेको बाटो, बत्ती, पानी, एयरपोर्ट र स्थल बन्दरगाहसँगै परीक्षणका लागि गुणस्तरीय प्रयोगशालासम्म हो भनेर बृहत् अर्थमा बुझौं । यसका लागि पनि हामीले लगानी गरौं । निर्यातका पूर्वाधार निर्यात क्षेत्रले मात्र नभइ देशले नै उपभोग गर्ने हो ।

हामीले निर्यात बढाउने कागजी कार्यक्रममात्र बनायौं तर निर्यात प्रवर्द्धन गर्ने खालको नीतिगत परिवर्तन भने गर्न सकेनौं । निर्यातमा अहिले पनि भुक्तानी प्रणाली पुरानै छ । जसका कारण संसारका धेरै मुलुकभन्दा हामी पछाडि परिसकेका छौं । प्रतीतपत्र अर्थात् एलसी प्रणाली संसारका धेरै मुलुकबाट 'फेजआउट' भइसकेको छ । अब पहिलेजस्तो पैसा वा बैंक ग्यारेण्टी पठाएर सामान पठाउँला भनेर नसोचे पनि हुन्छ । उनीहरू पनि आफ्नो मुलुकको सिस्टममा चलेका हुन्छन् र उनीहरूले हाम्रा लागि नीतिगत परिवर्तन गर्दैनन् । यसैले क्रेता मुलुकको भुक्तानी प्रणालीसँग हामी जोडिनुपर्छ र नीतिगत सामान्यजस्यता कायम गरिनुपर्छ ।

निर्यातमा नदेखिएका सानातिना कम्प्लायन्सहरूको पनि ठूलो भूमिका हुन्छ । जस्तो: 'फेयर ट्रेड'लाई हामीले सामान्यरूपमा लिन्छौं तर यसले हाम्रा वस्तुको बजारीकरणमा ठूलो अर्थ राख्छ । हाम्रो कम्पनीको आन्तरिक वातावरण, लैंगिकमैत्री, मजदुरको सुरक्षा, हाम्रो काम गर्ने अभ्यास र शैलीलगायतका विषय निकासीमा महत्त्वपूर्ण हुन्छन् । यिनमा सुधार गर्न सक्यौं भने हामीले सोही विषयलाई बजारीकरणको अस्त्र बनाउन सक्छौं । हामी निजी क्षेत्र र सरकारले गर्नुपर्ने थुप्रै विषयहरू छन् । सरकारले पनि गर्नुपर्छ र हामीले पनि गर्नुपर्छ । एउटाको जिम्मेवारी अर्कोको टाउकोमा थोपरेर पन्छिन खोज्यौं भने हामी कहीँ पनि पुग्दैनौं ।

*(निर्यात व्यवसायी श्रेष्ठको यो लेख नेपाल आर्थिक पत्रकार समाज 'सेजन'द्वारा प्रकाशित 'अर्थनीति'बाट साभार गरिएको हो)*

# जितगढी किल्लालाई विश्वसम्पदा सूचीमा समेट्न पहल गरिने

**लुम्बिनी (प्रस)**– लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले ऐतिहासिक जितगढी किल्लालाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्न प्रदेश सरकारले पहल गर्ने बताएका छन् ।

बुटवलस्थित जितगढी उत्सव २०८२ को आइतबार उद्घाटन गर्दै उनले संघीय सरकारसँग समन्वय गरेर जितगढी किल्लाको राष्ट्रिय गौरवको विषयलाई अन्तर र्‍ाष्ट्रिय मान्यता दिलाउन प्रयास गरिने बताएका हुन् ।

कर्णेल उजिरसिंहलाई राष्ट्रिय सपुतका रूपमा नामाकरण गर्नका लागि पनि संघीय सरकारसँग पहल गरिने भन्दै मुख्यमन्त्री आचार्यले वीर सपुतको त्याग र बलिदानीलाई कहिल्यै बिर्सन नहुने बताए । 'नयाँ पुस्तालाई वीरताको गाथा सुनाउन र इतिहासप्रति गर्व गर्ने वातावरण निर्माण गर्न आवश्यक छ,' उनले भने, 'राष्ट्रप्रति देखाइएको समर्पणको भावनालाई उच्च सम्मान गर्न जरूरी छ । त्यो त्याग र समर्पणलाई कहिल्यै भुल्न सक्दैनौं ।'

मुख्यमन्त्री आचार्यले अंग्रेज सेनालाई हराउन सफल भएको गौरवमय इतिहास सबैले बुझ्नुपर्ने बताए । आत्मविश्वासकै कारण नेपाली फौजले अंग्रेज फौजलाई पराजित गर्न सफल भएको उल्लेख गर्दै उनले उतिबेलाका योद्धाहरूले जोगाएको स्वाभिमानका कारण आज हामी यहाँ पुगेको उल्लेख गरे ।

बुटवललाई आर्थिक राजधानी बनाउने प्रदेश सरकारको योजनालाई दृढताका साथ कार्यान्वयन गरिने बताउँदै मुख्यमन्त्री आचार्यले स्थानीय सरकारसँग साझेदारी गर्दै बुटवलको उन्नति र समृद्धिका निम्ति बनाइएका योजना प्रभावकारी रूपमा कार्यान्वयन गरिने स्पष्ट पारे । नेपाली फौजले अंग्रेज सेनालाई हराएको दिनको स्मरणमा जितगढीमा उत्सव मनाइएको हो । नेपाल-अंग्रेज युद्धका बेला जितगढीमा नेपाली फौजले अंग्रेज फौजलाई हराएको ऐतिहासिक तथ्य छ ।

यस किल्लामा कर्णेल उजिरसिंह थापाको नेतृत्वमा नेपाली फौजले विसं १८७२ वैशाख ७ गते अंग्रेज फौजमाथि ऐतिहासिक विजय हासिल गरेको इतिहास छ । तत्कालीन पाल्पाका सेन राजाले अंग्रेज फौजविरुद्ध युद्ध गरेका थिए । कर्णेल थापाको नेतृत्वमा रहेको फौजले नुवाकोटको डाँडाबाट सुरुङ बनाएर बुटवलको तिनाउ नदी छेउमा गढी निर्माण गरेको बताइन्छ । त्यही फौजले विसं १८७१ देखि पटकपटकको आक्रमण सामना गर्दै अन्ततः विसं १८७२ वैशाख ७ गते विजय हासिल गरेको इतिहास छ ।

अंग्रेज सेनालाई पराजित गरेपछि उक्त गढीको नाम जितगढी रहन गएको हो । तत्कालीन समयमा नुवाकोट गढी, सिमरन गढीलगायत नेपालका सात स्थानमा अंग्रेजविरुद्ध युद्ध भएका थिए । यहाँ सोही खुसीयालीमा बुटवल उपमहानगरपालिकाले प्रत्येक वर्ष जितगढी उत्सव मनाउँदै आएको छ । उत्सवको अवसरमा विभिन्न सांस्कृतिक कार्यक्रमको आयोजना गरिएको छ ।

## Division Forest Office
**Kavrepalanchok, Dhulikhel**

**Invitation For Bids**

**Date of publication: 2082-01-08**

Division Forest Office Kavrepalanchok, invites bids from the duly registered eligible national bidders for following works. Complete set of Bidding Document in English is available online and can be downloaded from e-GP system of PPMO: www.bolpatra.gov.np/egp.

1. Construction of Saptic Tank and Repair and Maintenance of Chaubash Sub Division Forest Office. (DFOKAVRE/SEALQUOTATION/2081/082-01)

**Contact No. 9851354671, 9762888886**

## प्रदेश सरकार
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**शहरी विकास तथा भवन कार्यालय**
**बागमती प्रदेश, काठमाडौं**

**प्रस्ताव स्वीकृतिको आशय पत्र**

**प्रकाशित मिति : २०८२/०१/०८**

www.bolpatra.gov.np/egp मा प्रकाशित सूचना बमोजिम बोलपत्र आव्हान गरिएकोमा अन्तिम म्याद भित्र पर्न आएका बोलपत्रहरु मध्ये देहाय बमोजिमको न्यूनतम मूल्यांकन सारभूत रुपमा प्रभावग्राही बोलपत्र स्वीकृतिको लागि सिफारिस भई छनौट भएकोले उक्त बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सोही ऐनको दफा २७ (२) अनुसार बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**तपसिल**

| Contract Identification No | Description of Works | Name and Address of Lowest Evaluated Substantially Responsive Bidder | Bid Amount Nrs (Including VAT, and PS ) |
|---|---|---|---|
| UDBO/KTM/WORKS/NCB/26-81/82 | Upgradation of Seto Ghar Bhulanga Chaurdhara Road Nagarjun-8, kathmandu | Inclusive Infrastructure Pvt. Ltd., Koteshwor-32, Kathmandu | 2686052.06 |


## साउदी/ओमनमा रोजगार
कम्पनी : OLD PIECE INDUSTRIAL COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०१/०४ | LT. No. 322066 | चलानी नं. ६०२३६२४६

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: SR | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Furniture Carpenter | 11 | 0 | 1200 | ४३,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Fakhar Al Mdeena National LLC

पूर्व स्वीकृति मिति : २०८१/०८/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/०७ | LT. No. 314483 | चलानी नं. ६०२२८८४०

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: OR | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason / Mason | 1 | 0 | 140 | ४९,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Carpenter General | 1 | 0 | 140 | ४९,६३० | | | | | | | |
| 3 | Mason General | 2 | 0 | 140 | ४९,६३० | | | | | | | |
| 4 | Tile Layer | 1 | 0 | 140 | ४९,६३० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख १५ गते (28th Apr. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## युएइमा रोजगार
कम्पनी : BASATIN LANDSCAPING LLC

पूर्व स्वीकृति मिति : २०८२/०१/०७ | LT. No. 322218 | चलानी नं. ६०२३६२८९

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: AED | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bricklayer | 50 | 0 | 1200 | ४४,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Garden Workers | 100 | 0 | 900 | ३३,४४५ | | | | | | | |
| 3 | Stone Mason | 50 | 0 | 1200 | ४४,५९० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख १५ गते (28th Apr. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**ALLIED INTERNATIONAL MANPOWER PVT.LTD.**
श्रम ई.नं. १६१९/०७९/८०
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4593648, Email: alliedintl1619@gmail.com

## युएइमा रोजगार
कम्पनी : Tokyo Elite Technical Services L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०१/०७ | LT. No. 322221 | चलानी नं.६०२३६२९४

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: AED | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour (building Projects) | 10 | 0 | 800 | २९,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : LEGACY BUILDING CONTRACTING L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०१/०७ | LT. No. 322224 | चलानी नं.६०२३६२९५

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: AED | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour (building Projects) | 3 | 0 | 1400 | ५२,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख १५ गते (28th Apr. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Haya Recruitment Pvt. Ltd.**
श्रम ईजाजत नं. १०९३/०७३/०७४
Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610, E-mail : alhaya.recruitment@gmail.com

## युएइमा रोजगार
कम्पनी : R S R FOR CARPENTRY & FLOORING CONTRACTING CO. LLC

पूर्व स्वीकृति मिति : २०८१/०२/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/०७ | LT. No. 305464 | चलानी नं. ६०२३६०३६

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: AED | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tile polisher | 1 | 0 | 1200 | ४४,५९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | STEEL FIXER | 1 | 0 | 1200 | ४४,५९२ | | | | | | | |
| 3 | PIPE FITTER | 2 | 0 | 1200 | ४४,५९२ | | | | | | | |
| 4 | Electrician | 1 | 0 | 1200 | ४४,५९२ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख १५ गते (28th Apr. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**
श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## बहराइनमा रोजगार
कम्पनी : BISCOTTO SWEETS

पूर्व स्वीकृति मिति : २०८१/०१/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/०७ | LT. No. 304198 | चलानी नं. ६०२१९००७

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: BD | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Baker General | 5 | 0 | 150 | ५४,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख १५ गते (28th April 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**DOTI OVERSEAS PVT. LTD.**
Govt. License 1294/074/075
Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel : 01-5912764, 5912763, Itahari Branch Office no: 025-590547
Mob: 9851062705/9860584683/9841555361, E-mail : doti.overseas1294@gmail.com, website: www.dotioverseas.com.np


## Shuklaphanta Municipality
# Office of Municipal Executive
**Jhalaari, Kanchanpur**
**Sudurpaschim Pradesh**

## Invitation for Bids
(Date of Publication: 2082/1/8 (2025-Apr- 21)

| Contract ID | Project Description | Estimated Amount Rs. (Without VAT) | Bid Bond Security, 120 days Validity (NRs) | Date and Time of Bid Submission | Date and Time of Bid Opening |
|---|---|---|---|---|---|
| SMP/081-82/NCB/GOODS/39 | Procurement of Sanitary Pads for community schools in Shuklaphanta Municipality | 2524759.44 | 69000 | 2082/2/7 (2025-May- 21) 12:00 PM | 2082/2/7 (2025-May- 21) 1:00 PM |

| Cost of bidding document: Rs.3000 should be deposited at: | Bid Bond Security amount should be deposited at: |
|---|---|
| • Name of the Bank: Everest bank ltd, Jhalari branch, Kanchanpur<br>• Name of Account: GA-1.1 AANTARIK RAJASWA KHATA<br>• Office Account No.: 05910106200002 | • Name of the Bank: Everest bank ltd, Jhalaari branch, Kanchanpur<br>• Name of Account: GA-3 STHANIYA TAHA DHARAUTI KHATA<br>• Office Account No.: 05910106200016 |

Bidder should follow the following mandatory conditions while submitting the bid :
1. A Manufacturer's Authorization letter is required .
2. Should be procured from NS certified company.
3. At least 6 (Six) samples of the sanitary pad should be submitted earlier to bid opening in the Shuklaphanta Municipality office till the bid submission date. Bidder who does not submit the sample will be rejected and will not be taken part in bid evaluation.

## Laligurans Municipality
# Office of Municipal Executive
**Basantapur, Tehrathum**
**Invitation for E-bid Only**

**First Date of Publication: 2082/01/04 (17 APR 2025)**

**IFB NO: LM/NCB/W/04/2081-82**

1. Laligurans Municipality, Basantapur, Tehrathum invites E-bid from eligible bidders for following works under National Competitive Bidding. All other information and Bid documents can be downloaded from the PPMO'S website www.bolpatra.gov.np/egp. The bidding procedure will be Single Stage Single Envelope and E-bid only.
2. Information to deposit the cost of bidding document in Bank:
   **Antarik Rajaswa Khata No. (Revenue Account)**
   **Office Name:** Laligurans Municipality, Basantapur, Tehrathum
   **Bank Name:** Kumari Bank Limited
   **Bank Address:** Basantapur Branch
   **Account Number:** 2570248753600003 (GA 1.1)
   **Office code Number:** 801010502
   **Revenue Code Number:** 14229
   **For Security Deposit (Dharauti Khata) No:** 257024875360009
   Eligible Bidders may obtain further information and inspect and inspect the Bidding Documents at the office of **Laligurans Municipality, Basantapur, Tehrathum.**
3. Pre-bid meeting shall be held at Laligurans Municipality, Basantapur, Tehrathum 2082/01/26 (2025 MAY 09) 14:00 hrs.
4. The bidders shall submit their e-bid in PPMO'S website www.bolpatra.gov.np/egp before 2082/02/04 (2025 MAY 18) 12:00 hrs. The bids will be opened from the PPMO'S website www.bolpatra.gov.np/egp in the presence of Bidders' representatives who choose to attend at 2082/02/04 (2025 MAY 18) 13:00 hrs at the office of Laligurans Municipality, Basantapur, Tehrathum.
5. Bid security must be valid for a period of 90 days as stated below for after bid opening and must be accompanied by a bid amounting to a minimum of as specified below which shall be valid for 30 days beyond the validity period (i.e. 120 days) of the bid after deadline of Bid submission date.
6. If the last date of Pre-Bid meeting and Bid Opening Day falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Bidders may submit modification or withdrawal prior to the deadline of bid submission. Once a Bid is withdrawn, bidder will not be able to submit another bid response for the same bid.
8. Other information not mentioned above is as per Public Procurement Act 2063 and Public Procurement Regulation 2064 (Amended).
9. The employer reserves the right to accept or reject any bid, and to annul the bidding process and reject all bids at any time prior to contract award.

| S.N. | Contract No. | Descriptions of Works | Minimum Bid Security NRs. | Price of Bid Document NRs. |
|---|---|---|---|---|
| 1. | LM/NCB/W/08/2081-82 | Construction Of Hall Block And Hostel Block At Second Floor Of Basanta Secondary School, Basantapur, Tehrathum | 2,05,000.00 | 3,000.00 |

**Chief Administrative Officer**

# कतारका प्रमुख वार्ताकारद्वारा गाजा वार्ताको गतिमा 'निराशा' व्यक्त

**दोहा–** इजरायलले प्यालेस्टिनी क्षेत्रमा आफ्नो आक्रमण पुनः सुरु गरेको एक महिनापछि र अर्को चरणको वार्ता सम्झौताविना नै समाप्त भएपछि कतारका प्रमुख वार्ताकारले एएफपीसँगको अन्तर्वार्तामा गाजामा युद्धविरामको वार्ताप्रति निराशा व्यक्त गरेका छन् ।

'हामी निश्चितरूपमा वार्ता प्रक्रियाको कहिलेकाहीँ हुने सुस्तताप्रति निराश छौं । यो एक जरुरी विषय हो । यदि यो सैन्य अभियान दिनहुँ जारी रह्यो भने यहाँ जीवनहरू खतरामा पर्छन्,' मोहम्मद अल-खुलैफीले शुक्रबार भने । कतारले संयुक्त राज्य अमेरिका र इजिप्टसँग मिलेर इजरायल र हमासबीच गाजामा युद्धविराम मध्यस्थता गरेको थियो । युद्धविराम जनवरी १९ मा लागू भएको थियो र प्यालेस्टिनी लडाकुहरूको सन् २०२३ अक्टोबर ७ को इजरायलमाथिको आक्रमण सुरू गरेको एक वर्षभन्दा बढीको युद्धलाई मोटामोटी रूपमा रोकेको थियो ।

युद्धविरामको प्रारम्भिक चरण मार्चको सुरूमा समाप्त भयो । दुई पक्ष अर्को चरणहरूमा सहमत हुन सकेनन् । हमासले जनवरीको ढाँचामा उल्लिखित युद्धको स्थायी अन्त्यका लागि दोस्रो चरणको युद्धविरामका लागि वार्ता गर्न जोड दिएको छ । प्रारम्भिक चरणमा विस्तारको आह्वान गरेको इजरायलले पहिले नै सहायता प्रवेशलाई रोकेपछि मार्च १८ मा गाजा पट्टीमा हवाई र भूमि आक्रमणहरू पुनः सुरु गर्‍यो ।

बिहीबार राति हमासले इजरायलको ४५ दिनको युद्धविरामका लागि नयाँ प्रस्ताव स्वीकार नगर्ने संकेत दिएको थियो । प्यालेस्टिनी समूहले बन्धक बनाएको १० जना जीवित बन्धकलाई रिहा गर्न इजरायलले चाहेको लडाकु समूहले जनाएको छ । 'हामीले पछिल्ला दिनहरूमा दुवै पक्षलाई एकसाथ ल्याउन र दुवै पक्षले समर्थन गरेको सम्झौतालाई पुनर्जीवित गर्न निरन्तर प्रयास गरिरहेका छौं,' कतारी राज्यमन्त्रीले भने, 'र हामी कठिनाइहरू हुँदा पनि यसप्रति प्रतिबद्ध रहने छौं ।'

लामो मध्यस्थता प्रक्रियामा कतार इजरायल र इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुको प्रत्यक्ष आलोचनाको निशाना बनेको छ । नेतन्याहुका कम्तीमा दुई सहयोगीले इजरायलमा दोहाको चासो प्रवर्द्धन गर्न कतारी सरकारबाट भुक्तानी प्राप्त गरेको आशंका गरिएको छ । यसले इजरायली आपराधिक अनुसन्धानलाई उत्प्रेरित गरेको छ । कतारले आक्रमणलाई 'बदनाम अभियान' भनेर अस्वीकार गरेको छ ।

यसअघि मार्चमा इजरायलको घरेलु सुरक्षा एजेन्सीले गरेको अनुसन्धानले अक्टोबर ७ को आक्रमणअघि हमासको सैन्य शक्तिमा भएको वृद्धिलाई खाडी राज्यबाट आएको रकमको श्रेय दिएको थियो । कतारले उक्त आरोपलाई 'झूठो' भन्दै अस्वीकार गरेको छ । 'हामीले हाम्रो संलग्नताको प्रारम्भिक समयदेखि नै यस्ता आलोचना र नकारात्मक टिप्पणीहरू प्राप्त गर्दै आएका छौं,' अल-खुलैफीले भने, 'कुनै पनि सन्दर्भ बिनाका आलोचनाहरू, जस्तै हामीले नेतान्याहुबाट सुन्दै आएका आलोचनाहरू प्रायः हल्लामात्र हुन् ।'

अल-खुलैफीले नेतन्याहुका अमेरिका-आधारित इभान्जेलिकल क्रिश्चियन च्यानल डेस्टारलाई दिएका हालका टिप्पणीहरू अस्वीकार गरे । उक्त टिप्पणीमा नेतन्याहुले कतारले अमेरिकी कलेज परिसरहरूमा 'अमेरिका-विरोधी र यहुदीवाद-विरोधी' भावना प्रवर्द्धन गरेको बताएका थिए । *रासस/एएफपी*

# युद्धविराममा पनि रूसी आक्रमण जारी : *जेलेन्स्की*

**क्रामाटोर्स्क (युक्रेन)–** युक्रेनका राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले आइतबार रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले आश्चर्यजनक तर छोटो इस्टर युद्धविरामको घोषणा गरे पनि रुसी सेनाले फ्रन्ट लाइनमा आफ्नो गोलाबारी र आक्रमणहरू जारी राखेको बताएका छन् । ३० घण्टाको युद्धविराम तीन वर्षको द्वन्द्वमा लडाइँको सबैभन्दा महत्त्वपूर्ण विराम हुने छ ।

तर आदेश लागू भएको केही घण्टापछि किएभ र अन्य धेरै युक्रेनी क्षेत्रमा हवाई-आक्रमण साइरन बजेका थिए । जेलेन्स्कीले रुसमाथि आफ्नो आक्रमणहरू कायम राखेको आरोप लगाए । युक्रेनी सेनाध्यक्ष ओलेक्सान्डर सिरस्कीको बिहान ६:०० (०३०० जिएमटी) को रिपोर्टलाई उद्धृत गर्दै जेलेन्स्कीले सामाजिक सञ्जालमा भने, 'विभिन्न फ्रन्टलाइन दिशामा रूसी गोलाबारीका ५९ वटा घटना र रूसी युनिटहरूद्वारा पाँच आक्रमण भइसकेका छन् ।'

शनिबार मध्यरात (२१०० जिएमटी) सम्मको छ घण्टामा 'रूसी सेनाले गोलाबारी गरेको ३८७ वटा घटना र १९ वटा आक्रमण' भएको र 'रूसीहरूले २९० पटक ड्रोन प्रयोग गरेको' उनले बताए । 'समग्रमा इस्टर बिहानसम्म हामी भन्न सक्छौं कि रुसी सेनाले युद्धविरामको सामान्य छाप सिर्जना गर्न प्रयास गरिरहेको छ, जबकि केही क्षेत्रमा अझै पनि अघि बढ्ने र युक्रेनलाई क्षति पुर्‍याउने एकल प्रयासहरू जारी राखेको छ,' जेलेन्स्कीको पोस्टमा भनिएको छ ।

इस्टर सप्ताहन्तमा सबै युद्ध रोक्ने पुटिनको आदेश मस्को र किएभलाई युद्धविराममा सहमत गराउन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको महिनौंको प्रयासपछि आएको हो । शुक्रबार वासिङ्टनले कुनै प्रगति नभए वार्ताबाट फिर्ता हुने धम्कीसमेत दिएको थियो ।

## शान्तिलाई मौका दिनुहोस् –

'आज १८०० (१५०० जिएमटी शनिबार) देखि मध्यरात आइतबार (२१०० जिएमटी आइतबार) सम्म रूसी पक्षले इस्टर युद्धविरामको घोषणा गर्दछ,' पुटिनले रुसी जनरल स्टाफका प्रमुख भेलेरी गेरासिमोभसँगको बैठकमा टेलिभिजनमा प्रसारित टिप्पणीहरूमा भने । जेलेन्स्कीले युक्रेनले पनि त्यसैको अनुसरण गर्ने भन्दै प्रतिक्रिया दिए र रुसले पहिले नै आफ्ना प्रतिज्ञाहरू तोडेको आरोप लगाएता पनि आइतबारभन्दा अगाडि युद्धविराम विस्तार गर्ने प्रस्ताव राखे ।

'रुसले युद्धविरामका सर्तहरूको पूर्णरूपमा पालना गर्नुपर्छ । आज राति मध्यरातपछि ३० दिनका लागि युद्धविराम कार्यान्वयन र विस्तार गर्ने युक्रेनको प्रस्ताव टेबलमा रहेको छ,' जेलेन्स्कीको आइतबारको पोस्टमा भनिएको छ । यसअघि उनले पुटिनले प्रस्तावित ३० दिनको पूर्ण र विनासर्त युद्धविरामलाई पहिले नै अस्वीकार गरिसकेको भनी औंल्याउँदै '३० दिन शान्तिलाई एउटा मौका दिन सक्छ' भन्ने सुझाव दिएका थिए । *रासस/एएफपी*

# सेन्ट्रल फाईनान्स लिमिटेड
# CENTRAL FINANCE LIMITED

*Serving Your Financial Needs*

**Head Office:** Kupondole, Lalitpur, **Tel:** 01-5970005, **Email:** info@centralfinance.com.np, **Website:** www.centralfinance.com.np

## Unaudited Financial Report (Quarterly)

### As at 3rd quarter (2081/12/31) of the Fiscal Year 2081/82

### Condensed statement of financial position

As on quarter ended Chaitra 2081

| ASSETS | This Quarter Ending | Immediate Previous Year Ending |
|---|---|---|
| Cash and cash equivalent | 531,337,296 | 710,333,543 |
| Due from Nepal Rastra Bank | 353,937,507 | 335,093,649 |
| Placement with Bank and Financial Institutions | - | - |
| Derivative financial instruments | - | - |
| Other trading assets | - | - |
| Loans and advances to B/FIs | 171,620,645 | 215,633,845 |
| Loans and advances to customers | 4,321,083,752 | 4,355,849,862 |
| Investment securities | 2,790,003,120 | 2,828,550,479 |
| Current tax assets | 64,080,123 | 59,111,802 |
| Investment in subsidiaries | - | - |
| Investment in associates | - | - |
| Investment property | 61,272,288 | 248,675 |
| Property Plant and Equipment | 181,384,343 | 187,909,887 |
| Goodwill and Intangible assets | 1,553,170 | 1,915,601 |
| Deferred tax assets | - | - |
| Other assets | 49,218,262 | 34,762,066 |
| **TOTAL ASSETS** | **8,525,490,506** | **8,729,409,409** |
| **LIABILITIES** | **This Quarter Ending** | **Immediate Previous Year Ending** |
| Due to Bank and Financial Institutions | 140,412,259 | 194,115,795 |
| Due to Nepal Rastra Bank | - | - |
| Derivative financial instruments | - | - |
| Deposits from customers | 7,233,424,698 | 7,507,392,022 |
| Borrowing | - | - |
| Current Tax Liabilities | - | - |
| Provisions | - | - |
| Deferred tax liabilities | 44,347,092 | 15,504,987 |
| Other liabilities | 104,375,164 | 93,741,236 |
| Debt securities issued | - | - |
| Subordinated Liabilities | - | - |
| **TOTAL LIABILITIES** | **7,522,559,213** | **7,810,754,040** |
| **EQUITY** | **This Quarter Ending** | **Immediate Previous Year Ending** |
| Share Capital | 948,875,459 | 948,875,459 |
| Share premium | 442,546 | 442,546 |
| Retained Earnings | (363,135,121) | (333,932,289) |
| Reserves | 416,748,408 | 303,269,653 |
| **TOTAL EQUITY ATTRIBUTABLE TO EQUITY HOLDERS** | **1,002,931,293** | **918,655,369** |
| **NON-CONTROLLING INTEREST** | | |
| **TOTAL EQUITY** | **1,002,931,293** | **918,655,369** |
| **TOTAL LIABILITIES & EQUITY** | **8,525,490,506** | **8,729,409,409** |

### Condensed statement of profit or loss

For the quarter ended Chaitra 2081

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter (YTD) | This Quarter | Upto This Quarter (YTD) |
| Interest income | 136,955,104 | 514,652,936 | 216,553,113 | 674,586,208 |
| Interest expense | 113,356,753 | 384,497,054 | 156,972,825 | 494,080,581 |
| **Net interest income** | **23,598,351** | **130,155,882** | **59,580,288** | **180,505,627** |
| Fee and commission income | 5,210,534 | 16,391,908 | 4,259,554 | 12,730,672 |
| Fee and commission expense | - | - | - | - |
| **Net fee and commission income** | **5,210,534** | **16,391,908** | **4,259,554** | **12,730,672** |
| **Net interest, fee and commission income** | **28,808,885** | **146,547,790** | **63,839,841** | **193,236,299** |
| Net trading income | - | 19,478,577 | - | - |
| Other operating income | 362,346 | 17,605,318 | (242,993) | 3,297,562 |
| **Total operating income** | **29,171,231** | **183,631,685** | **63,596,849** | **196,533,862** |
| Impairment charge/(reversal) for loans and other losses | (29,745,231) | 37,558,459 | 40,312,444 | 141,757,105 |
| **Net operating income** | **58,916,462** | **146,073,226** | **23,284,405** | **54,776,757** |
| **Operating expense** | | | | |
| Personnel expenses | 24,244,992 | 72,192,274 | 20,532,884 | 65,574,944 |
